# कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको अध्ययन

**शोधकर्ता**

जिनुका कार्की

क्याम्पस क्रमाङ्क नं. : ५६

परीक्षा क्रमाङ्क : २१४००४२/२०७३

त्रि.वि. दर्ता नं. : ९-१-२१४-१२४-२००८

शैक्षिक वर्ष : २०७१/०७२

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा अन्तर्गत

स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. (५९८)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ

२०७८

## प्रतिबद्धता

त्रिभुवनविश्वविद्यालय,शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपालीभाषा शिक्षणविभाग स्नातकोत्तर तहद्वितीयवर्षको नेपा.शि. ५९८ को प्रयोजनकालागि प्रस्तुत‘कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०७३ मा समाष्टि कथाविधाको अध्ययन’शीर्षकको शोधपत्रप्रतिवेदनअर्को प्रयोजनकालागिकहीँकतै पेसनगरेको र अनुसन्धानकार्य अत्यन्तमौलिक रहेको प्रतिबद्धता व्यक्तगर्दछु ।

.................................

जिनुकाकार्की

एम.एड. दोस्रो वर्ष

नेपालीभाषा शिक्षण विभाग

मिति : २०७८//

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवनविश्वविद्यालय,शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षणविभाग स्नातकोत्तर तहद्वितीयवर्षको नेपा.शि. ५९८ को प्रयोजनकालागि प्रस्तुत'कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०७३ मा समाष्टि कथाविधाको अध्ययन'शीर्षकको शोधपत्रजिनुकाकार्कीले मेरो निर्देशनको मातहतमा रहीमिहिनेतका साथसिर्जनात्मकतथानितान्तमौलिक रूपमातयार पार्नुभएकाले यस शोधकार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्यलाईमूल्याङ्कनकालागि नेपालीभाषा शिक्षण विभागसमक्षसिफारिस गर्दछु ।

.................................

उमानाथ भट्टराई

शोधनिर्देशक

सुकुनाबहुमुखीक्याम्पस

नेपालीभाषाशिक्षण विभाग

सुन्दरहरैंचा, मोरङ

मिति : २०७८//

## कृतज्ञता

प्रस्तुतकक्षा ९ को नेपाली पाठ्यपुस्तक २०७३ मा समाष्टि कथाविधाको अध्ययनशीर्षको शोधपत्रआदरणीय गुरु तथाविभागीयप्रमुखश्री उमानाथ भट्टराईको प्राज्ञिक निर्देशमातयार गरेकीहुँ । उहाँको निर्देशनले गर्दा नै यस शोधपत्रले मूर्त रुप लिएको हो ।

यस शोधपत्रको शीर्षक चयनदेखि शोधप्रस्तावनातयार गर्नमा गुरुमेघनारायण श्रेष्ठको समुचितमार्ग निर्देशन र सहयोग रहयो । त्यसकालागिउहाँप्रतिहार्दिक आभार व्यक्तगर्न चाहान्छु । आफ्नो महत्त्वपूर्ण समय प्रदान गरी शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनुभएकोमाउहाँहरुप्रतिहार्दिक कृतज्ञता ज्ञापन गर्दछु, साथै विभिन्नकोणबाट शोधपत्र लेखनमा सहयोग पुऱ्याउनु हुने मेरा सम्पूर्ण गुरुहरु र यस क्याम्पसकाक्याम्पस प्रमुख चन्द्रमणी राईप्रतिपनिआभार प्रकट गर्दछु । मलाई यो शोध तयार पार्नकालागिआवश्यक सन्दर्भसामग्रीहरु उपलब्ध गराई सहयोग पुऱ्याउने सुकुनाक्याम्पस पुस्तकालय परिवार प्रतिपनिआभारी छु । हरपल साथदिने मेरा बुवा-आमा, मेरा दाजुहरु र मेरो भाइप्रति सदैव कृतज्ञ रहने छु । यो शोध कार्यलाई अघि बढाउन प्रत्यक्षवाअप्रत्यक्ष सहयोग पुऱ्याउने साथी कृतिलगायत सम्पूर्णमाधन्यबाद ज्ञापन गर्न चाहन्छु । यस शोधकार्यले सम्बन्धित क्षेत्रकाविद्यार्थी शिक्षक र शिक्षा अनुरागीलाई अपेक्षितलाभ पुऱ्याउन सकोस् भन्ने अभिलासा प्रकट गर्दै आवश्यकमूल्याङ्कनकालागि नेपालीभाषा शिक्षण विभाग समक्ष पेस गरेकी छु ।

यसै गरी शोधपत्रलाई शुद्ध रूपमा कम्प्युटर टङ्कनगरिदिनु हुने टिना कम्प्युटरकाश्री यज्ञमणि निरौलालाई धन्यवाददिन चाहान्छु ।

**प्रस्तुतकर्ता**

जिनुकाकार्की

## शोधसार

शोधशीर्षक : कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको अध्ययन

शोध निर्देशक : उमनाथ भट्टराई

शोधार्थी : जिनुका कार्की

क्याम्पस : सुकुना बहुमुखी क्याम्पस

पृष्ठ सङ्ख्या : ५७

शैक्षिक वर्ष : २०७२/०७३

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको अध्ययन शीर्षकमा यो शोधकार्य गरिएको छ । यो शोधपत्र नेपाली भाषा शिक्षण विभाग स्नातकोत्तर तह द्वितीय वर्षको ने.पा.शि.५९८ पाठ्यपुस्तकको पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो । यसमा निम्न शोध समस्याहरूलाई उठान गर्दै तिनीहरूको समाधान गर्ने उद्देश्य राखिएको छ :

क) कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमअनुरूप छन् ?

ख) पाठ्यपुस्तकमा समावेश गरिएका कथाले पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूरा गरेको छन् ?

ग) भाषिक सीपका आधारमा कस्ता-कस्ता कथाहरूलाई पाठ्यपुस्तकमा समावेश गरिएको छ ?

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका ४ ओटा कथाहरूलाई पाठ्यक्रम अनुरूपताका आधारमा, उद्देश्यका आधारमा र भाषिक सीप विकासका आधारमा अध्ययन गरिएको छ । यस अध्ययनमा मुख्य उद्देश्यहरू कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको विश्लेषण गर्नु, पाठ्यपुस्तकमा प्रस्तुत कथाहरूले पाठ्यक्रमका उद्देश्य पूरा गरे वा नगरेको अध्ययन गर्नु, विद्यार्थीहरूको भाषिक सीप विकासमा कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाका सबल पक्ष र दुर्बल पक्षहरू पत्ता लगाई निराकरणात्मक उपायहरूको खोजी गर्नु रहेका छन् ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिचयमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा, परिच्छेद तीनमा अध्ययनको विधि तथा प्रक्रिया, परिच्छेद चारमा नतिजाको व्याख्या एवम् विश्लेषण गरिएको छ । यसमा कक्षा ९

को नेपाली पाठ्यपुस्तकमा रहेको कथा विधा अन्तर्गतका पाठहरूको पाठ्यक्रम अनुरूपताको आधारमा अध्ययन, भाषिक सीप विकासमा खेलेको भूमिका र पाठ्यक्रमले तोकेका उद्देश्य पूर्तिका आधारमा ती कथाहरूलाई विश्लेषण गरी प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण र प्रतिशताङ्क समेत गरिएको छ । पुस्तकालयीय र वर्णनात्मक विधिको माध्यमबाट कथा विधाका पाठहरूका व्याख्या, विश्लेषण गरी यो अध्ययन गरिएको छ ।

कक्षा ९ को कथा विधालाई हेर्दा पाठ्यक्रमले निर्देश गरेका अनुसार कथा समाविष्ट गरिए पनि कथा छनोटमा लचकता अपनाइएको पाइन्छ । भाषिक सीप पक्षलाई भने सबै कथाहरूले समेटेको पाइए पनि पढाइ लेखाइ सीपको तुलनामा सुनाइ बोलाइ सीपका क्रियाकलापहरू केही मात्रामा कम पाइन्छ । कथा विधामा प्रयुक्त भाषाशैली विद्यार्थीको सार सुहाउँदो प्रयोग नभएको पाइयो । पाठ्यवस्तुको छनोट गर्दा सकेसम्म स्तरअनुरूपकै छनोट गर्न खोजिएको पाइन्छ ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा पाठ्यक्रमले निर्देश गरेअनुसारका क्षेत्रका कथाहरू समावेश गरिए पनि स्तर उमेर, रुचि जस्ता विषयवस्तुमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । विद्यार्थीको उमेर, तह र स्तरलाई पहिलो प्राथमिकता दिई गहिरो अध्ययन गरी पाठ्यवस्तु समावेश गर्नुपर्ने हुन्छ । भाषाका चारै सीपलाई बराबर रूपमा समावेश गर्नुपर्ने देखिन्छ ।

## विषयसूची

*प्रतिबद्धता पत्र* ख

*सिफारिस पत्र* ग

*स्वीकृति पत्र* घ

*शोधसार* ङ

*कृतज्ञता* छ

तालिकासूची ञ

चित्रसूची ट

**परिच्छेद एक : परिचय**

अध्ययनको पृष्ठभूमि १

समस्याको कथन ३

अध्ययनको उद्देश्य ३

अनुसन्धानात्मक प्रश्नहरू ४

अध्ययनको महत्त्व ४

अध्ययनको परिसीमा ६

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा**

सैद्धान्तिक साहित्यको पुनरवलोकन ८

सम्बन्धित साहित्यको पुनरवलोकन ९

पुनरवलोकनको उपादेयता १४

सैद्धान्तिक/अवधारणात्मक ढाँचा १५

**परिच्छेद तीन : अध्ययन विधि**

अध्ययनको ढाँचा र विधि १७

जनसंख्या, नमुना र नमुना छनोट रणनीति १७

अध्ययनको क्षेत्र १७

तथ्याङ्क सङ्कलनका साधन र तारिका १८

तथ्याङ्क सङ्कलन प्रक्रिया १८

तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया १८

## परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण


कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरुको अध्ययन १९

पाठ्यक्रम अनुरूपताका आधारमा कथाहरूको अध्ययन १९

लोक कथा 'अनारको बोट' २६

ऐतिहासिक कथा 'निद्रा' २७

मनोवैज्ञानिक कथा 'डाक्टर अङ्कल' २९

सामाजिक कथा 'बन्धनबाट मुक्ति' ३०

पाठ्यक्रमका उद्देश्यका आधारमा कथाहरूको अध्ययन ३२

अनारको बोट ३२

निद्रा ३३

डाक्टर अङ्कल ३३

बन्धनबाट मुक्ति ३३

भाषिक सीप विकासका आधारमा कथाहरूको अध्ययन ३४

सुनाइ सीप ३५

बोलाइ सीप ३७

पढाइ सीप ३८

लेखाइ सीप ४०

कथाका सबल तथा दुर्बल पक्षहरू र सुधारात्मक उपायहरूको खोजी ४१

नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका सबल पक्षहरू ४१

नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका दुर्बल पक्षहरू ४२

कथामा देखिएका दुर्बल पक्षहरू निराकरणका सुधारात्मक उपायहरू ४३


## परिच्छेद पाँच : निष्कर्ष र सुझाव


निष्कर्ष ४४

सुझावहरू ४५

नीतिगत तहका लागि सुझाव ४५

अभ्यास तहका लागि सुझाव ४६

अनुसन्धान तहका लागि सुझाव ४७

सन्दर्भ ग्रन्थसूची

## तालिकासूची

तालिका १ : विधाको क्षेत्र र क्रम तालिका २३

तालिका २ : विधाको क्षेत्रको आधारमा कथा विधाको वर्गीकरण २६

## चित्रसूची

सैद्धान्तिक /अवधारणात्मक ढाँचा १६

पाठ्यपुस्तकमा समाविष्ट विधाको वितरण २५

# परिच्छेद एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

मानव विचार विनिमयको साधन भाषा हो । भाषा सिङ्गो मानव समुदायको परिचय गराउने मुख्य साधन हो । नेपालको राष्ट्रिय भाषाको रूपमा रहेको नेपाली भाषा सम्पूर्ण नेपालीहरूको विचार आदान-प्रदानको प्रमुख भाषा बन्न पुगेको छ । नेपालमा बसोबास गर्ने नेपालीले नेपाली भाषालाई दुई तरिकाबाट प्रयोग गरेको पाइन्छ । जसमा केही वक्ताहरूले पहिलो वा मातृभाषाका रूपमा प्रयोग गर्ने गरेका छन् भने दोस्रो वा लक्ष्य भाषाका रूपमा केही दोस्रो भाषा वक्ताहरूले यस भाषालाई प्रयोग गर्ने गरेको पाइन्छ । संविधानमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हुने कुरा उल्लेख भएपछि नेपाली भाषा सरकारी तथा कार्यालयीय कामकाजको भाषा भएको छ । अहिले धेरैजसो संस्थागत विद्यालयहरूमा शिक्षाको माध्यम भाषाको रूपमा अङ्ग्रेजी भाषालाई बनाइएको पाइन्छ तर नेपाली परिवेशमा नेपाली भाषा पनि जान्न आवश्यक रहेको अवस्थामा नेपाली भाषालाई पनि शिक्षणको माध्यम भाषाको रूपमा स्थान दिइदै आइरहेको अवस्था छ र यसलाई निरन्तरता दिनुपर्ने समेत आवश्यक देखिन्छ ।

नेपाली भाषालाई शिक्षाको माध्यम भाषाका रूपमा स्थान दिइएको छ । त्यसैकारण कक्षा १ देखि स्नातक तह सम्म नै नेपाली विषयलाई अनिवार्य विषयको रूपमा अध्यापन गराउँदै आएको पाइन्छ । भाषा शिक्षण गर्नु भनेको भाषिक सीप शिक्षण गर्नु भएकाले भाषा शिक्षण गर्ने कार्यलाई निकै कठिन कार्य मानिन्छ । भाषासँग सम्बन्धित सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार प्रकारका रहेका छन् । यिनै चार सीपको विकास गराउन विद्यालय तहका कक्षा १ देखि १० सम्मका नेपाली पाठ्यपुस्तकहरूमा विभिन्न विधा तथा उपविधाहरूका पाठहरू समावेश गराउँदै आएको पाइन्छ । यिनै विधा तथा उपविधाहरू मध्ये पर्ने कथा विधा पनि एक हो ।

कथा शब्दको निर्माण संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय लागेर 'कथ' बनेपछि 'आ' प्रत्यय जोडिएर 'कथा' भएको हो (दाहाल, २०६३ . १) । कथा ज्यादै लोकप्रिय र अतिप्रचलित विधा हो । यसको उत्पत्ति मानव सृष्टिकै साथ भएको अनुमान गरिन्छ र त्यसै बेलादेखि नै यसको स्वरूपमा परिवर्तन हुँदै आएको छ । समय सँगै मानव जीवनमा

देखिएको परिवर्तनका साथ कथाको स्वरूपगत परिवर्तन अस्वाभाविक पनि होइन । श्रुति परम्परामा बाँचेको दन्त्यकथा कथनमा स्वाद लिने कथा कथक र ध्यानमग्न भई उसको कथा सुन्ने शिक्षित अशिक्षित श्रोताका बीचको तादात्म्यता नेपाली जीवनको विशिष्ट परम्परा हो । त्यस बाहेक पञ्चतन्त्र र हितोपदेशका कथाको पठन पाठनले पनि लामो समयदेखि हाम्रो समाजमा अविच्छिन्न रूपमा प्रभाव पार्दै आएको थियो । त्यस्तै सर्वसाधारणमा पौराणिक कथाको उल्लेखनीय स्थान अझै पनि छँदै छ । फेरि लोककथाको नेपाली परम्परा पनि परापूर्व कालदेखि नै प्रचलित रहेको पाइन्छ । कथाको यहीँ प्राचीनता र रोचकताले गर्दा यसलाई विद्यालय वा विश्वविद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको हो । कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम बनाउन, विभिन्न किसिमका भाषिक क्रियाकलापका अतिरिक्त अभ्यासका निम्ति उपयोगमा ल्याउन, पठनबोध क्षमताको विकास गर्न, विद्यार्थीहरूमा कल्पना र सृजनाशक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन निकै सहज हुन्छ ।

माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०७१ मा विद्यार्थीहरूले देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मैखिक वर्णन गर्न, साहित्यिक विधा पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न, आफुले देखेसुनेका अनुभव गरेका घटना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर वर्णन गर्न सकुन् भन्ने अभिप्रायले नेपाली भाषा पाठ्यपुस्तकमा कथा विधा समावेश गरिएको छ ।

वर्तमान परिप्रेक्ष्यलाई हेर्दा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक तथा त्यसभित्र रहेका विधाहरू के कस्ता छन् भन्ने कुरा धेरै शोधकार्यहरूमा उल्लेख गरेका पाइन्छ तर कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) संशोधन भई हालै (२०७३ बाट) मात्र सञ्चालन हुन थालेकाले यसमा समाविष्ट कथा विधाको पाठ्यक्रम अनुरूपताका आधारमा, उद्देश्य अनुरूपताको आधारमा र भाषिक सीप विकासका आधारमा अध्ययन गरी त्यसको सबल तथा दुर्बल पक्ष केलाउनु आवश्यक ठानिएको छ । त्यसैगरी सुधारात्मक पक्षको खोज गर्नु यस शोधको प्रमुख कार्य रहेको छ ।

## समस्याको कथन

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधा मध्ये कथा विधा पनि एक महत्त्वपूर्ण विधा हो । कथा शिक्षणको माध्यमबाट विद्यार्थीहरूको पठनबोध क्षमताको विकास गर्ने, बोलाइ र लेखाइ सीपको विकास गर्ने, कथा सुन्ने वा सुनाउने सीपको विकास गर्ने, कथा लेखन क्षमताको अभिवृद्धि गराउने जस्ता कार्यमा सहयोग पुऱ्याउन सकिन्छ । पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको विश्लेषणात्मक अध्ययनलाई मूल समस्याको रूपमा उठाइएको छ । यो शोधकार्य निम्न समस्याको अध्ययन तथा विश्लेषणमा केन्द्रित रहेको छ :

क) कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप छन् छैनन् ?

ख) पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पाठ्यपुस्तकमा समाविष्ट कथाहरूबाट पूरा भएका छन् / छैनन?

ग) विद्यार्थीहरूको भाषिक सीप विकासमा कक्षा ९ को नेपाली पाठ्यपुस्टकमा समाविष्ट कथाहरू सहयोगी छन् / छैनन् ?

घ) कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा रहेका सबल र दुर्बल पक्ष के कस्ता छन् र दुर्बल पक्ष सुधार गर्ने निराकरणात्मक उपायहरू के के हुन सक्छन् ?

## अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

क) कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु,

ख) पाठ्यपुस्तकमा प्रस्तुत कथाहरूले पाठ्यक्रमका उद्देश्य पूरा गरे वा नगरेको अध्ययन गर्नु,

ग) विद्यार्थीहरूको भाषिक सीप विकासमा कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरू उपयोगी भए नभएको पहिचान गर्नु,

घ) कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका सबल र दुर्बल पक्षहरू पत्ता लगाई निराकरणात्मक उपायहरूको खोजी गर्नु,

**अनुसन्धानात्मक प्रश्नहरू**

प्रस्तुत शोध निम्न प्रश्नहरूलाई केन्द्रविन्दुमा राखेर निर्माण गरिएको छ :

क) कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा कति र कस्ता कथाहरू समावेश गरिएका छन् ?

ख) के ती कथाहरू पाठ्यक्रमअनुरूप छन् ?

ग) पाठ्यपुस्तकमा समावेश गरिएका कथाले पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पुरा गरेका छन् ?

घ) भाषिक सीपका आधारमा के-कस्ता कथाहरूलाई पाठ्यपुस्तकमा समावेश गरिएको छ ?

च) कथामा देखिएका दुर्बल पक्षहरू सुधारका लागि के-कस्ता उपायहरू अवलम्वन गर्न सकिन्छ ?

**अध्ययनको महत्त्व**

कथा एक लोकप्रिय विधा हो । कथा प्रायः सबै उमेरका श्रोता र पाठकका लागि रोचक विधा हो । कथा शिक्षणको मुख्य उद्देश्य जीवन, जगतका बाह्य र आन्तरिक पक्षसँग परिचित गराउनु हो । साहित्यक आस्वादन र कथाको मूल्य बोध गराउनु यसको अर्को उद्देश्य हो । यसरी कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि संवर्द्धन र विश्लेषणात्मक प्रतिभाको विकासका साथै अनुशासन, नैतिक उपदेश, चरित्र निर्माण र सृजनाशक्ति बढाउन पनि निकै महत्वपूर्ण रहन्छ । त्यसैले कथा शिक्षणको व्यापक महत्त्व रहेको देखिन्छ ।

यस अध्ययनले कथा विधामा रहेका दुर्बल पक्षलाई केलाई भाषिक सीप अभिवृद्धिका साथै पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउने छ । भाषा पाठ्यपुस्तकमा रहेका कथाहरू उपयोगी छन् छैनन् ? विद्यार्थीको क्षमता तथा स्तर सुहाउँदा छन् कि छैनन् ? पाठ्यक्रमले तय गरेका उद्देश्य अनुरूप छन् कि छैनन् ? भन्ने प्रश्नको

उत्तर दिनका लागि यो शोध महत्त्वपूर्ण हुनेछ । विद्यार्थीहरूको बौद्धिक तथा मानसिक विकास सँगसँगै स्तर तथा उमेर सुहाउँदो भाषिक सीप र प्रयोगको क्षमता वृद्धि गर्न पाठ्यक्रम तथा पाठ्यपुस्तक सहयोगी हुनुपर्ने भएकाले पनि पाठ्यपुस्तक निर्माणलाई आफ्नो कार्यमा कथाका विविध पक्षको अध्ययन तथा विश्लेषणसँगै सुधारात्मक उपायहरू अपनाउन सहयोग पुग्नेछ । यसर्थ यस शोधले पाठ्यपुस्तक संशोधन परिमार्जन तथा परिवर्तन गर्न र नयाँ निर्माण गर्नका लागि पृष्ठपोषण प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

माध्यमिक तहमा क्रमशः सरल र जटिलताको क्रममा कथाहरू समावेश गरेर विद्यार्थीको रूचि, स्तर, क्षमता र आवश्यकता अनुकूल विषयवस्तु तथा अभ्यासहरू समावेश गर्नुपर्ने हुन्छ । उक्त सबै कुराहरूलाई मध्यनजर गरी भाषा पाठ्यपुस्तक निर्माण भए नभएको कुरा यस शोधमा अध्ययन गरिएको छ । उपयुक्त सुझावबाट निर्माताले पाठ्यपुस्तक निर्माण गर्ने हुँदा निर्माण भएको पाठ्यपुस्तक सरल, सहज, रूचि, क्षमता, आवश्यकता अनुरूपको विषयवस्तु समावेश भएको नेपाली भाषा पाठ्यपुस्तक सम्वन्धित कक्षाका विद्यार्थीहरूले पढ्न पाउने हुँदा यो शोधपत्रले फाइदा पुयाउने छ । यसका साथै विद्यार्थीको स्तर अनुरूपताको विषयवस्तु समावेश भएको भाषा पाठ्यपुस्तक सम्बन्धित विद्यार्थी वर्गले पढ्न पाउने हुँदा सम्बन्धित तहका शिक्षक र विद्यार्थी वर्ग समेतलाई यो शोधपत्र महत्त्वपूर्ण रहेकोछ ।

प्रस्तुत शोधपत्र कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधा पाठ्यक्रम अनुरूप तथा उद्देश्य अनुरूप उपयोगी भए नभएको, विद्यार्थीको स्तर अनुकूल तालमेल मिले नमिलेको, भाषाका चारओटै सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ)को विकासमा उपयोगी भए नभएको अध्ययन गरिएको छ । अध्ययनको निष्कर्षका आधारमा उपयुक्त सुझावहरू समेत प्रस्तुत गरिएकोले भाषा पाठ्यक्रम निर्मातालाई पाठ्यक्रम निर्माण गर्न र पाठ्यपुस्तक निर्मातालाई विद्यार्थीको रूचि, स्तर र क्षमता अनुरुप व्यावहारोपयोगी विषयवस्तु राखी पाठ्यपुस्तक निर्माण गर्न सघाउ पुऱ्याउने विद्यार्थीले आफ्नो रूचि र क्षमता अनुकूलका पाठ्यविषय अध्ययन गर्न पाउने, शिक्षकले उपयुक्त पाठ्यपुस्तक अध्यापन गराउन पाउने साथै कथा विधासँग सम्बन्धित भएर अध्ययन गर्न चाहने अनुसन्धाता, कथा विधाको क्षेत्रमा रूचि राख्ने व्यक्ति, लेखक, शिक्षक, विद्यार्थी, संघसस्था आदि सबैका लागि यो शोध महत्त्वपूर्ण तथा उपयोगी साधन हुने कुरा अपेक्षा गरिएको छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको विश्लेषणात्मक अध्ययन शीर्षकको शोधपत्रका निम्नलिखित सीमाहरू रहेका छन् :

क) प्रस्तुत अध्ययन पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित माध्यमिक तहको पाठ्यक्रम तथा कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययनले कक्षा ९ को पाठ्यपुस्तकमा रहेका कथा विधाहरूलाई मात्र समेटिएको छ ।

ग) प्रस्तुत शोधपत्र कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन गरी निष्कर्ष तथा सुझाव दिनमा सीमित रहेको छ ।

यी बाहेकमा कुराहरू यस शोधका सीमाका रूपमा रहेका छन् ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

### परिचय

पूर्वकार्यको समीक्षा भनेको आफूले गर्न लागेको शोधकार्यसँग मिल्दो विषय पहिल्यै गरिएका शोधकार्यहरू र सम्बद्ध अन्य ग्रन्थहरूको अध्ययन र समीक्षा हो । पूर्वकार्यहरूको अध्ययन गरी कालक्रमिक रूपमा ती शोधकार्यहरू र अन्य सम्बद्ध ग्रन्थहरूको विवरण प्रस्तुत गरी तिनका उपलब्धिहरू र कमजोरी/सीमा उल्लेख गर्ने कार्य पूवकार्यको समीक्षा हो समीक्षा भनेको कृतिमा भएका गुणदोष केलाउने काम भएकाले शोधकार्यको विवरणहरू साभार मात्र नगरी समीक्षा समेत प्रस्तुत गर्ने काम हो । सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, प्रतिवेदन आदि) को व्यस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०५२, श्रेष्ठ, २०७३, पृ.६० मा उद्धृत)

अनुसन्धान कार्य आफैमा बौद्धिक र जटिल कार्य र यस सिलसिलामा गरिने साहित्यको पुनरवलोकन पनि गहन बौद्धिक अभ्यास हो । आफ्नो शोध शीर्षक सम्बद्ध त्यस अघि नै अनेकौं शोधकार्यहरू भइ सकेका हुन्छन् । ती मध्ये आफूलाई नभई नहुने शोधकार्यहरू छान्ने काम गर्नु पर्दछ । छनोट भएका साहित्यहरूको पनि आफ्नो लागि उपयुक्त सन्दर्भ मात्र छनोट गर्नु पर्दछ र छनोट भएका कुराहरू उपयुक्त किसिमले सङ्गठित गर्नुपर्ने भएकाले पूर्वकार्यको समीक्षा प्रक्रिया जटिल किसिमको हुन्छ (श्रेष्ठ, २०७३ पृ.६१) ।

यो निकै महत्वपूर्ण अङ्ग हो । अनुसन्धानको औचित्यलाई प्रष्ट पार्नका लागि उपयुक्त अनुसन्धान विधिको छनोट गर्न, तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न, प्रक्रियाको बारेमा ठोस आधार प्रदान गर्न, हालसम्म अनुसन्धान हुन नसकेका समस्याको पहिचान गर्न दुई वा सोभन्दा बढी अनुसन्धानको बीचमा देखिएका मत भिन्नता पत्ता लगाउन यसको प्रयोग गरिन्छ । जसले एकपटक अनुसन्धान भइसकेका समस्यामा पुन : अनुसन्धान हुनसक्ने सम्भावनाको न्यूनीकरण गर्दछ । साहित्यको पुनरवलोकन गर्दा अनुसन्धान गर्ने व्यक्ति वा संस्था, अनुसन्धान भएको मिति, अनुसन्धान, शीर्षक उद्देश्य, अनुसन्धानको जनसङ्ख्या, नमुना छनोट गर्न प्रयोग गरिएका साधन, विधि लगायतका कुरा समावेश गरिन्छ (शर्मा : २०७६) ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरूको अध्ययन शीर्षकको यो शोधपत्र तयार गर्दा विभिन्न साहित्यिक सिद्धान्तका पुस्तक शोधपत्रहरू समालोचना प्रधान पत्रिका जस्ता सामग्रीहरूको अध्ययन गरी यस अध्ययनलाई सहयोग गर्ने उपयुक्त सन्दर्भहरूको छनोट गरिएको छ ।

**सैद्धान्तिक साहित्यको पुनरवलोकन**

दाहाल (२०६३) द्वारा *नेपाली गद्य* नामक पाठ्यपुस्तकमा कथा सम्बन्धी चर्चा गरेको पाइन्छ । उक्त पाठ्यपुस्तकमा कथाको परिचय र वर्गीकरण नेपाली कथाको विकासक्रम, नेपाली कथाकारका कथाको अध्ययन आदिको चर्चा गरिएको छ । तर यस पाठ्यपुस्तकमा कथा शिक्षण विधिको बारेमा कुनै चर्चा गरेको पाइँदैन ।

माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४) कथा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । वस्तुतः कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनुपर्छ । यस क्रममा कथाश्रवण (श्रुतिबोधात्मक दृष्टिले समेत), कथाकथन, कथा निर्माण आदि क्रियाकलाप गराउन सकिन्छ । साथै कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन जस्ता कार्यकलाप गराउनुपर्छ भनी उल्लेख गरिएको छ ।

लामिछाने र लामिछाने (२०६९) द्वारा *नेपाली कथा-उपन्यास सिद्धान्त र समीक्षा* नामक पाठ्यपुस्तकमा कथा सम्बन्धी चर्चा गरिएको पाइन्छ । यस पाठपुस्तकमा कथाको परिचय, परिभाषा, कथाको वर्गीकरण, कथाका तत्त्व, कथाको अन्य विधासँग सम्बन्ध र कथाको विकासक्रमको चर्चा गरेको पाइन्छ । तर यस पाठ्यपुस्तकमा कथा शिक्षणको औचित्य तथा उपयोगिताको चर्चा भएको पाइँदैन ।

पौडेल (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* नामक पाठ्यपुस्तकमा कथा सम्बन्धी चर्चा गरेको पाइन्छ । यस पाठ्यपुस्तकमा कथाको शैक्षणिक प्रयोजन र शिक्षण प्रक्रियाको सन्दर्भमा चर्चा गरिएको छ । तर कक्षा ९ का विद्यार्थीहरूको भाषिक सीप अभिवृद्धिमा कथा शिक्षण गर्दा के कस्ता विधि अपनाउन सकिन्छ भन्ने कुरामा चर्चा गरिएको पाइँदैन ।

शर्मा र पौडेल (२०७२) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तक तयार पारिएको छ । त्यस पुस्तकमा कथा विधा शिक्षणको परिचय, प्रयोजन, शिक्षण क्रम, शिक्षण विधि र प्रक्रियाका वारेमा विस्तृत चर्चा गरिएको छ । तर कक्षा ९ का विद्यार्थीहरूका लागि कस्तो कथा उपयोगी हुन्छन् ? कथा विधाको महत्त्व र प्रयोजन के हुने भन्ने सम्बन्धमा केही पनि चर्चा गरिएको देखिँदैन ।

**सम्बन्धित साहित्यको पुनरवलोकन**

कटुवाल (२०६७) द्वारा **शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा कथाहरूलाई छनोट स्तरणको आधारमा विश्लेषण गर्नु, कथाहरूको विश्लेषण गर्नु, कथाहरूको प्रकृति र संरचनाका दृष्टिले विश्लेषण गर्नु नमुना अभ्यासहरूको मूल पाठसँगको अन्तरसम्बन्ध केलाउनु भन्ने उद्देश्य रहेको छन् । प्रस्तुत उद्देश्य पूरा गर्नका लागि पुस्तकालयीय विधि, वर्णनात्मक विधिको उपयोग गरिएको छ । यस शोधपत्रको निष्कर्षमा कथाहरू पाठ्यक्रम अनुरूप चयन गरिएको भए पनि पौराणिक कथाको छनोट उपयुक्त नदेखिएको अभ्यास खण्डमा लेखाइ सीपलाई बढि जोड दिइएको व्याकरण शिक्षणमा आगमन विधिको प्रयोग गरी प्रशस्त अभ्यास गराउन खोजिएको कथामा चित्रहरू आकर्षक नरहेको, अभ्यासमा विविधता रहे पनि वस्तुगत प्रश्नहरू नराखिएको भन्ने निष्कर्ष निकालिएको छ । त्यसैगरी रुचिपूर्ण कथा पाठ्यपुस्तकमा राख्नुपर्ने,वस्तुगत प्रश्न अभ्यासमा राख्नुपर्ने, शब्दभण्डार, वाक्य ढाँचा, व्याकरण आदिलाई विद्यार्थीको स्तर अनुसार राख्नुपर्ने र वर्णविन्यासमा शुद्धताको ख्याल गर्नुपर्ने सुझाव यस शोधपत्रमा दिइएको छ ।

गौतम (२०६८) द्वारा **शिक्षणीय दृष्टिकोणले कक्षा पाँचको मेरो नेपाली किताब र नेपाली साहित्य बाटिका भाग पाँचमा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रमा शिक्षणीय दृष्टिकोणले कक्षा पाँचमा समाविष्ट कथा विधाको अनुकूलता ठम्याउनु, भाषिक सीप आर्जनका दृष्टिले पाठ्यपुस्तकको मूल्याङ्कन गर्नु, मेरो नेपाली किताब कक्षा पाँच र नेपाली साहित्य बाटिका भाग पाँच भित्र कथा विधाका पाठहरूको तुलनात्मक विश्लेषण गरी सबल र दुर्बल पक्ष पत्ता लगाउँदै सुधारका लागि उपयुक्त सुझाव दिनु भन्ने उद्देश्यहरू राखिएको छ । यस शोधकार्यलाई पूर्णता दिन पुस्तकालय विधि र तुलनात्मक विधि अवलम्बन गरिएको छ । यस

शोधमा मेरो नेपाली किताबमा समाविष्ट सबै कथा भाषिक सीपहरू विकास गराउन सफल रहेका तर नेपाली साहित्य बाटिकामा बाल कथा बाहेक गाउँखाने कथा, चुट्किला समावेश नभएको, मेरो नेपाली किताबमा समावेश गरिएका कथाहरू संवाद शैलीमा निहित रहेका, बोलाइ सीप विकासलाई प्रश्रय दिने खालका रहेका तर नेपाली साहित्य बाटिकामा पश्चाताप कथा बाहेक अन्य सबै कथा बोलाइ सीप विमुख रहेको, सिर्जनात्मक लेखन सीप विकास गराउन मेरो नेपालीमा उल्लिखित कथाहरू सक्षम रहेका अभ्यासात्मक विविधताका दृष्टिले हेर्दा नेपाली साहित्य बाटिका पाठ्यपुस्तक भन्दा नेपाली किताब पाठ्यपुस्तकमा कथा बढि उपयुक्त देखिन्छ भन्ने निष्कर्ष निकालिएको पाइन्छ । सुझावका लागि कथाहरू पाठ्यक्रम अनुरूप हुनुपर्ने, कथामा उखानटुक्को प्रयोग गर्दा उपयुक्त हुने, कथाका पाठमा वस्तुगत र विषयगत प्रश्नहरूमा जोड दिनुपर्ने, सिर्जनात्मक अभ्यासमा जोड दिनुपर्ने विद्यार्थीको स्तर, रुचि, आवश्यकता आदिको आधारमा पाठ्यवस्तुको छनोट र स्तरण गर्नुपर्ने सुझाव यस शोधपत्रमा पेश गरिएको छ ।

गिरी (२०६८) द्वारा **कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको अध्ययन** शीर्षकको शोध तयार गरेको पाइयो । उक्त शोध निम्न माध्यमिक तह कक्षा ७ को नेपाली , पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमको उद्देश्य अनुरूपता पहिचान गर्नु, पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको संरचना विद्यार्थीहरूको उमेर, स्तर र क्षमता अनुसार भए नभएको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकमा समावेश गरिएको कथाका पाठहरूमा दिएका नमुना अभ्यासको उपयुक्तताको पहिचान गर्नु, उक्त पाठ्यपुस्तकमा समाविष्ट गरिएका कथाका पाठहरूको सुधारका लागि सुझाव दिनुमा केन्द्रित रहेको छ । पाठ्यक्रम अनुरूप कथा पाठ्यपुस्तकमा समावेश नगरिएको, कथाका कथानक क्षेत्र स्पष्ट रहेको, कौतुहल पक्ष ज्यादै कम रहेको, कथामा प्रयुक्त शब्दहरू उपयुक्त नभएको, उखानटुक्काको प्रयोग कम गरिएको, पाठ्यक्रमअनुरूप कथाहरू स्तरण नगरिएको जस्ता कुरा कक्षा ७ को नेपाली कितावमा समाविष्ट कथाका दुर्बल पक्ष रहेको उल्लेख गर्दै पाठ्यक्रम अनुरूप कथा समावेश गरिनु पर्ने कौतुहलता जगाउने कथा राखिनु पर्ने, उपयुक्त शब्दहरूको छनोट गरिनु पर्ने, उखानटुक्काको बढी मात्रामा प्रयोग हुनुपर्ने, पाठ्यक्रमअनुसार कथाहरू स्तरण गरिनु पर्ने, भाषिक सीप वढाउने अभ्यास बढी राखिनु पर्ने जस्ता सुझाव पेश गरिएको छ ।

निरौला (२०६९) द्वारा लिखित **कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कथाहरू पाठ्यक्रम अनुरूप चयन नभएका, कक्षा ६ को पाठ्यपुस्तकमा नीतिकथाको सङ्ख्या बढी रहेको, अभ्यासात्मक विविधताका दृष्टिले कक्षा ६ को भन्दा कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट कथा बढी उपयुक्त रहेको उखानटुक्काहरूको प्रयोग कम मात्रामा भएको जस्ता कुराहरू उल्लेख गरिएको छ ।

पुस्तकालयीय विधि अबलम्बन गरिएको यो शोध कक्षा ६ र ७ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलना गर्ने, भाषा शिक्षणीय दृष्टिले निर्धारित कथाहरूको प्रयोजन केलाउने, छनोट र स्तरणका आधारमा कथाहरूको तुलना गर्ने, कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको पाइयो । कक्षा ७ मा जस्तै कक्षा ६ को पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा अभ्यासात्मक विविधता हुनुपर्ने, उखानटुक्काको प्रयोग बढीमात्रामा प्रयोग गर्नुपर्ने जस्ता सभ्Hाव पनि यस शोधमा दिइएको छ ।

राई (२०७०) ले **पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा ७ को पाठ्यपुस्तकमा ६ ओटा कथा समावेश गरिएको र १० अङ्कभार निर्धारण गरिएको कुरा उल्लेख गरिएको छ । कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा पाठ्यक्रम अनुरूप चयन नभएको, भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मध्ये लेखाइ सीपलाई बढी महत्व दिएको, पौराणिक कथा बढी रहेको जस्ता कुरा उल्लेख गरिएको छ ।

राईको शोध कक्षा ७ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्नु, कथा विधाका पाठहरूको भाषिक सीप पक्षको विश्लेषण गर्नु, कक्षा ७ को कथा विधा विद्यार्थीहरूको रुचि, क्षमता र स्तर अनुरूपताको पहिचान गर्नु, पाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा विश्लेषण गर्नु जस्ता उद्देश्यमा केन्द्रिछ रहेको छ ।

ढुंगाना (२०७०) **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषणात्मक अध्ययन** विषयक शोध गरेको पाइयो । पुस्ताकालयीय विधिद्वारा तयार पारिएको यस शोधको उद्देश्य पाठ्यक्रम अनुरूपताका

आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषण गर्नु, कथा विधाको छनोटबाट पूरा हुने उद्देश्यको विश्लेषण गर्नु, उक्त कथाहरूको छनोट, स्तरण तथा मूल्याङ्कनको स्तर अनुकूलता हेर्नु, उक्त कथामा रहेका सबल र दुर्बल पक्ष पत्ता लगाई कमि कमजोरीहरूका लागि निराकरणका उपायहरू खोजी गर्नु रहेको छ । पाठ्यक्रमको उद्देश्य प्रतिबिम्वित हुने गरी विधा तथा पाठहरूको चयन नभएको, बोलाइ सीप भन्दा लेखाइ सीपमा केन्द्रित रहेको, व्याकरणमा उदाहरणको मात्रा कम भएको, पौराणिक कथा बढी रहेको निष्कर्ष निकालिएको छ । पाठ्यक्रमको उद्देश्य प्रतिबिम्बित हुने गरी विधा तथा पाठहरूको चयन गर्नुपर्ने, भाषाका चारै सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकासमा केन्द्रित हुनु पर्ने आदि सुझाव दिइएको पाइन्छ ।

कार्की (२०७२) ले **कक्षा ८ को नेपाली किताब (२०७२) मा समाविष्ट कथा विधाको विश्लेषण** शीर्षकमा शोधपत्र तयार गरेको पाइयो । कक्षा ८ को नेपाली किताब २०७२ मा समाविष्ट कथाको छनौट र स्तरण पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्नु, पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुरूपताका आधारमा कथा विधाको विश्लेषण गर्नु, भाषिक सीप शिक्षणमा उपयोगी भए नभएको पहिचान गर्नु, समाविष्ट कथाका सबल तथा दुर्बल पक्ष पत्ता लगाउनु यस शोधको उद्देश्य रहेको छ ।

यो शोध तयार पार्नका लागि पुस्तकालयीय तथा तुलनात्मक विधि अपनाइएको छ । कक्षा ८ को नेपाली किताबमा समाविष्ट ६ वटा कथा मध्ये अन्तिम कथा 'स्वाभिमान' शीर्षकको कथामा कठिन शब्दहरूको प्रयोग गरिएको, भाषाका चार सीप मध्ये पढाइ र लेखाइ सीपको तुलनामा सुनाइ र बोलाइ जस्ता आधाभुत सीपलाई कम महत्व दिइएको, कथाका पाठहरूको अन्त्यमा सुनाइ र बोलाइ सम्बन्धी एकै प्रकारका आवश्यकताहरू सीमित मात्रामा राखिएका जस्ता निष्कर्ष निकाल्दै कथा छनोट गर्दा पुर्ण रूपमा पाठ्यक्रमका निर्देशनहरूका पालना गर्नुपर्ने, पौराणिक कथाको छनोट गर्दा सरल र सहज तथा विद्यार्थीको स्तरलाई ध्यान दिनु पर्ने, अभ्यास खण्डमा सुनाइ र बोलाइ सीप सम्बन्धी नमुना अभ्यास प्रशस्त राख्नु पर्ने आदि सुझाव पेश गरिएको छ ।

पराजुली (२०७२) द्वारा **कक्षा ६ को परिमार्जित पाठ्यपुस्तक २०७० मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको पाइयो । पाठ्यक्रमको उद्देश्य अनुरूपताको पहिचान गर्नु, विद्यार्थीको उमेर, स्तर, क्षमताअनुसार भए

नभएको विश्लेषण गर्नु, कथाका पाठसँग अभ्यासको उपयुक्तताको पहिचान गर्नु, पाठको सुधारका लागि उपयुक्त सुझाव दिने उद्देश्यले तयार पारिएको शोधपत्र तयार गर्न पुस्तकालयीय विधि अवलम्वन गरिएको छ।

कथाहरूलाई सरलबाट जटिलको क्रममा प्रस्तुत गरिएको, विविधीकरण गरी प्रस्तुत गरिएको, सैद्धान्तिक ज्ञान भन्दा व्यवहारिक सीपसम्बद्ध तथा ज्ञानवर्द्धक कथा समाबेश गरिएको, कथा विधामा प्रयुक्त अभ्यासहरूलाई आगमन विधिद्वारा सिकाउन खोजिएको, कथामा प्रयुक्त शब्दहरू उपयुक्त रहेको आदि सवल पक्ष र कौतुहल पक्ष कमजोर, उखानटुक्काको प्रयोग न्यून, सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपको विकासका लागि अभ्यासहरू कम रहेको संरचना पक्ष कमजोर रहेको जस्ता दुर्बल पक्ष रहेको उल्लेख गर्दै कौतुहलता जगाउने कथा समावेश गर्नुपर्ने, उखानको बढी मात्रामा प्रयोग गरिनुपर्ने, भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकासमा सहयोग पुयाउने अभ्यास समावेश गरिनु पर्ने, कथाको संरचना पक्षमा ध्यान दिनुपर्ने जस्ता सुझाव दिइएको छ ।

आचार्य (२०७३) ले **कक्षा ७ को नेपाली पाठ्यपुस्तक (२०७१) मा रहेका कथा विधाको समष्टिगत अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइयो । पुस्तकालयीय विधि अवलम्वन गरी तयार पारिएको यस शोधमा कथाका तत्वका आधारमा कथाको विश्लेषण गर्नु, भाषिक सीप विकासका आधारमा कथाको विश्लेषण गर्नु, कक्षा ७ को नेपाली किताबमा कथाको पाठ्यक्रमको उपयुक्तता केलाउनु, कथाका उपयुक्तताका लागि उपायहरू सुझाउनु जस्ता उद्देश्य राखिएको छ । पात्र चयनमा सचेतता नअपनाउनु, पात्रअनुकूल भाषा नभएको, दार्शनिक विषयका कथा सम्प्रेषणीय बनाउन तर्फ ध्यान नगएको क्लिष्ट शब्दको प्रयोग बढी मात्रामा गरिएको, परिवेश सुहाउदो पात्र चयन नभएको, कुरा उल्लेख गर्दै पात्र चयनमा सचेतता अपनाउनु पर्ने, पात्रअनुकूल भाषाको चयन गर्नुपर्ने, दार्शनिक विषयका कथा सम्प्रेषणीय बनाउन तर्फ ध्यानदिनु पर्ने, सहज किसिमका शब्दको प्रयोग गरिनु पर्ने, परिवेश सुहाउदो पात्रको छनौट गर्नुपर्ने सुझाव पेश गरिएको छ ।

यसरी सम्बन्धित साहित्यको पुनरवलोकन गर्ने क्रममा खोज गर्दा विद्यालय स्तरका नेपाली कितावमा समाविष्ट कथाहरू र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लोककथा, लघुकथा आदिको पनि विश्लेषणात्मक अध्ययन रहेको पाइयो । विविध कक्षाका नेपाली पाठ्यपुस्तकका कथाको विश्लेषण, अध्ययनहरू र तिनका निष्कर्षलाई नियाल्दा भाषिक सीप

विकासमा कथाको महत्त्वपूर्ण भूमिका रहेको, कथाले विद्यार्थीमा गहिरो प्रभाव छोड्ने, सरल र सहज भाषाशैलीमा आदि, मध्य र अन्त्य मिलेका कथाहरू समेट्नु पर्ने र कथा विद्यार्थीको स्तर तथा क्षमता अनुरूपका हुनु पर्ने आदि जस्ता कुराहरूको उल्लेख गरिएको पाइयो । साथै हालसम्म कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३)मा समाविष्ट कथा विधाको विश्लेषण शीर्षकमा कसैबाट पनि शोध नभएको पाइयो । तसर्थ यस शीर्षकमा शोधकार्य अघि बढाइएको छ ।

**पुनरवलोकनको उपादेयता**

भाषा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषण सम्बन्धी विभिन्न शोधकार्यहरू भएका छन् । ती शोधकार्यहरूले फरक फरक दृष्टिकोणबाट कथाको अध्ययन तथा विश्लेषण गरी फरक फरक निष्कर्षहरू निकालेका छन् । यसै सन्दर्भमा निरौला (२०६९) ले 'कक्षा ६ र ७ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन' शीर्षकको शोधकार्यमा सृजनात्मक सीपका दृष्टिले कक्षा ६ को भन्दा कक्षा ७ को हाम्रो नेपाली किताब बढी सक्षम रहेको निष्कर्ष निकालिएको पाइन्छ । राई (२०७०) ले 'पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन' शीर्षकको शोधकार्यमा कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा पाठ्यक्रम अनुरूप नभएको भाषाका चार सीपमध्ये लेखाइ सीपलाई बढी महत्त्व दिएको, पौराणिक कथा बढी रहेको जस्ता निष्कर्ष निकालिएको छ । गिरी (२०६८) ले 'कक्षा ७ को नेपाली किताबमा समाविष्ट कथाहरूको अध्ययन' शीर्षकको शोधकार्यमा कौतुहल पक्ष कम रहेको कथामा प्रयुक्त शब्दहरू उपयुक्त नभएको, उखानटुक्काको कम प्रयोग गरिएको निष्कर्ष निकालेको पाइन्छ ।

विभिन्न तहको कथाको विश्लेषण सम्बन्धी भएका अध्ययनहरूले भाषा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको कमिकमजोरी तथा उपयोगितालाई औल्याएको पाइन्छ । कथाको विश्लेषण सम्बन्धी भएका विभिन्न अध्ययनहरूले फरक फरक दृष्टिकोण तथा आधारहरूबाट कथाको विश्लेषण गरेको पाइन्छ । यी विविध सन्दर्भबाट कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको अध्ययन भएपनि कथा विधाको विश्लेषणात्मक अध्ययन नभएकोले यो शोधकार्य गर्ने प्रयास गरिएको हो ।

कथा सम्बन्धी गरिएका प्रस्तुत अध्ययनहरू तुलनात्मक अध्ययन, पाठ्यक्रमसँगको अनुरूपात्मक अध्ययन, समग्र कथाको विश्लेषणात्मक अध्ययन शीर्षकमा भएका अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने गर्दछन् । अध्ययनबाट निकालिएका निष्कर्षहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमिकमजोरीहरू पत्ता लगाई कमजोरी निराकरण गर्न मद्दत मिल्दछ । पाठ्यक्रमले निर्देश गरे अनुरूप विषयवस्तुको संयोजन गरी सोही अनुरूपका कथाहरू भए नभएको कथाले पाठ्यक्रमको उद्देश्यलाई समेट्न सके नसकेको कुरा थाहा पाउन पनि कथाको विश्लेषणात्मक अध्ययन उपयोगी हुने देखिन्छ । प्रस्तुत सम्बन्धित साहित्यको पुनरवलोकनबाट निकालिएका निष्कर्षहरूका आधारमा कथाहरूलाई विविध दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गरिएको भए तापनि प्रस्तुत कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषणात्मक अध्ययन कार्य नभएकोले यो अध्ययन पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, शिक्षक तथा विद्यार्थीका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।


यसरी अध्ययन विधि, आवश्यक सामग्री छनौट व्याख्या तथा विश्लेषण, निष्कर्ष तथा सुझाव दिनका लागि सम्बन्धित साहित्यको पुनरवलोकनले मद्दत गर्नेछ ।

**सैद्धान्तिक/अवधारणात्मक ढाँचा**

प्रस्तुत अध्ययन कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको विश्लेषणात्मक अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन पद्धतिमा आधारित रहेको छ । साथै भविष्यमा निर्माण हुने भाषा पाठ्यपुस्तकमा कथाका पाठहरू के कस्ता उल्लेख गर्ने, विद्यार्थीका रुची स्तर र तह अनुकूलता विषय वस्तु राखी कुन विधिबाट शिक्षण गर्ने भन्ने जस्ता कार्यमा सहयोग मिल्छ । यस अध्ययनको सैद्धान्तिक अवधारणात्मक ढाँचालाई निम्नानुसार देखाइएको छ :

चित्र नं. १

सैद्धान्तिक/अवधाराणात्मक ढाँचा




माथि प्रस्तुत गरिएको चित्रात्मक ढाँचाबाट प्रस्तुत कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षकमा गरिने छोटो रूप रेखा देख्न सकिन्छ। विद्यार्थीहरूको रुचि स्तर, तह अनुसारका कथाहरू रहे नरहेको अध्ययन गरिएको छ। पाठ्यक्रममा तोकिएका उद्देश्य, भाषिक सीप विकासमा कथाले पुऱ्याउने सहयोग जस्ता विषयवस्तुमा केन्द्रित रहेर कथाको अध्ययन गरी अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुझाव प्रस्तुत गरिएको छ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## अध्ययनको ढाँचा र विधि

कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०७३ मा समाविष्ट कथा विधाको अध्ययन शीर्षकको यो शोधकार्य वर्णनात्मक किसिमको रहेको छ । यस शोधकार्यको प्रस्तुति वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक रहेको छ । पुस्तकालयीय विधिमा आधारित भई अध्ययन गरिएको यो शोध विषयवस्तुलाई आधार बनाइ तयार गरिएको छ । यो शोध अध्ययन अनुसन्धानसँग सम्बन्धित पुस्तक, शोधपत्र, लेख रचनालाई माध्यम बनाएर अनुसन्धान गरिएको छ । खास गरेर यो अध्ययन एकल विश्लेषण हो । दुई वा दुई भन्दा बढी रचना बीचको तुलना नभएर यस शोधमा एकल विश्लेषण पद्धति अपनाइएको छ ।

## जनसंख्या, नमुना र नमुना छनोट रणनीति

प्रस्तुत अध्ययनमा माध्यमिक तहको नेपाली पाठ्यक्रम निर्माता, सम्बन्धित विषयका विशेषज्ञ, सम्बन्धित विषय अध्यापन गर्ने प्राध्यापकहरू यस अध्ययनका लागि जनसंख्या बनाइएको छ ।

माध्यमिक तहको कक्षा ९ मा समेटिएका विविध विधा मध्ये कक्षा ९ को कथा विधा नमुनाको रूपमा रहेको छ ।

## अध्ययनको क्षेत्र

नेपाली भाषा शिक्षा विषयसँग सम्बन्धित अनुसन्धानका विभिन्न क्षेत्रहरू मध्ये प्रस्तुत प्रस्तावित आधारमा कक्षा ९ को पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको अध्ययन शीर्षकको शोधको क्षेत्र कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक रहेको छ । नेपाली पाठ्यपुस्तक अन्तर्गत पनि कथा विधालाई अध्ययनको क्षेत्रको रूपमा लिइएको छ । जसमा कथा विधालाई पाठ्यक्रम अनुरूपताको आधारमा कथाको विश्लेषण भाषा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य परिपुर्तिमा कथा, भाषिक सीप शिक्षणमा कथाको सक्षमताको पहिचान तथा नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूका सबल तथा दुर्बल पक्ष केलाइ सुधारात्मक पक्षको खोज आदि जस्ता विषयगत क्षेत्रहरूमा यो शोध केन्द्रित रहेको छ ।

**तथ्याङ्क सङ्कलनका साधन र तारिका**

यस शीर्षकमा शोधपत्र तयार पार्नका लागि पुस्तकालय अध्ययन विधि अपनाइएको छ भने आवश्यकता अनुसार अन्य सोधखोज तथा छलफल विधिको पनि उपयोग गरिएको छ। यस शीर्षकमा शोधकार्य गर्दा सम्बन्धित पाठ्यपुस्तक, पाठ्यक्रम, पत्रपत्रिका, पुराना शोधपत्र आदि साधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

यस शीर्षकमा शोध गर्दा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित पाठ्यकम पाठ्यपुस्तक र विभिन्न अनुसन्धान तथा अग्रजहरूको सहयोग लिएर तथ्याङ्क सङ्कलन गरिएको छ।

**तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया**

यस शोध शीर्षकमा शोधपत्र तयारपार्दा व्याख्यानात्मक र वर्णानात्मक ढङ्गले तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद चार

## नतिजाको व्याख्या एवम् विश्लेषण

यो शोधपत्र कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरूको अध्ययनमा केन्द्रित रहेको छ। यो शोधकार्य कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विस्तृत अध्ययन गर्ने उद्देश्यले तयार गरिएको छ। यस शोधकार्यका लागि निम्नानुसारको अध्ययन तथा विश्लेषण गरिएको छ :

### कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरुको अध्ययन

वि.सं. २०७१ माध्यमिक तह कक्षा ९ र १० को परिमार्जित पाठ्यक्रम वर्तमान समयसम्म लागू भएको पाइन्छ। माध्यमिक तह (कक्षा ९ र १०) को पाठ्यक्रम (२०७१) ले नेपाली विषयका लागि १०० पूर्णाङ्क र साप्ताहिक पाठ्यभार ५ राखिएको छ। माध्यमिक तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान रहेको हुदा यसलाई अनिवार्य विषयका रुपमा राखिएको छ। नेपाली साहित्यका विविध विधाका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकासमा सघाउ पुऱ्याउनु नेपाली भाषाको प्रमुख उद्देश्य मानिन्छ। यसर्थ नेपाली भाषाको पाठ्यक्रममा समय सापेक्ष विषयवस्तु, व्याकरण र सिर्जनात्मक सीपको विकासमा सहयोग पुऱ्याउने खाले विषय तथा विधाहरु समेट्ने कोशिस गरिएको पाइन्छ। नेपाली पाठ्यपुस्तकको भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मान्दै माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमले निम्नानुसारका उद्देश्यहरु निर्धारण गरेको छ। माध्यमिक तह (कक्षा ९-१०) को पाठ्यक्रम २०७१ ले यस तहको विद्यार्थीहरूका लागि नेपाली विषयका निम्नलिखित तहगत साथै कक्षागत सक्षमताहरू प्रस्तुत गरेको पाइन्छ :

*txut ;lfdtf*

माध्यमिक तहको अध्ययन पश्चात् विद्यार्थीमा नेपाली भाषाका निम्न लिखित सक्षमता हासिल हुने छन् :

१. मौखिक, लिखित एवम् सञ्चार माध्यमबाट प्रसारण हुने विषय वस्तुको सुनाइ र पढाइ

२. प्रचलित विधागत रचना, भाषिक पाठ तथा सूचनामूलक सामग्रीको सुनाइ र पढाइ

३. सिकेका विषयका बारेमा मौखिक र लिखित रूपमा प्रभावकारी अभिव्यक्ति

४. पाठको अर्थ बोध गर्दै मनोरञ्जनपूर्ण किसिमले साहित्यिक तथा सांस्कृतिक सामग्रीहरू पढ्ने बानीको विकास

५. कल्पनात्मक र सिर्जनात्मक किसिमले कुनै पनि विषयलाई आफ्नै शैलीमा अभिव्यक्त गर्ने क्षमताको विकास

६. नेपाली भाषा विषयबाहेकका अन्य विषय तथा तिनका विषय वस्तुको ग्रहण गर्ने गरी पढाइ

७. पढाइ क्षमताका लागि आवश्यक पर्ने पठन गतिसहित पढ्ने बानीको विकास

८. सामाजिक सांस्कृतिक तथा वैयक्तिक उद्देश्य पुरा गर्न र व्यवहारिक अभिव्यक्तिमा आधारित विभिन्न शैलीमा लेखाइ

९. अन्तर भाषिक र सांस्कृतिक मूल्यप्रति सचेततापूर्ण भाषिक व्यवहार

१०. प्रवचन, तर्क तथा संवाद कौशलमा आत्म विश्वासका साथ उपयुक्त भाषाको प्रयोग

११. अन्तर्क्रिया, खोज, मूल्याङ्कन र परियोजना कार्यका लागि उपयुक्त धारणाको निर्माण र त्यसलाई प्रस्तुत गर्ने भाषिक सिपको विकास

१२. आफ्ना विचारहरूको स्पष्ट, विश्लेषणात्मक र संश्लेषणात्मक रूपमा अभिव्यक्ति

१३. व्यवहार कुशल सिपको निर्माणका लागि आवश्यकता र औचित्यका आधारमा भाषिक प्रस्तुति

१४ प्रयोजन र परिवेशअनुसारको भाषिक प्रयोग

१५. आलोचनात्मक सोच तथा उपयुक्त निर्णयसहितको भाषिक अभिव्यक्ति

१६. प्रभावकारी सिकाइ, रचनात्मक, सिर्जनात्मक तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको निर्माण तथा समस्याको समाधान

१७. भाषाका सिप तथा साहित्यिक विधाका पाठहरूका माध्यमबाट आलोचनात्मक सोचको विकास

## slffut l;sfO pknlAw -slff (_

कक्षा ९ का सिकाइ उपलब्धिहरूलाई कक्षा ९ को पाठ्यपुस्तकलाई समाविष्ट विविध पाठहरूको अध्ययन पश्चात विद्यार्थीहरू निम्नलिखित सीपहरूमा सक्षम हुने छन् भनि निम्नानुसार प्रस्तुत गरिएको छ :

## ;'gfO / af]nfO l;k

१. शब्द र वाक्यहरूमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न

२. मातृभाषा र विभिन्न भाषा भाषीको सन्दर्भलाई समेत ख्याल गरी उपयुक्त उच्चारण गर्न

३. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न

४. साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

५. साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

६. साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न

७. वक्तृता, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न

८. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न

९. श्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न

१०. गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्न

११. समहू छलफल, प्रस्तुति, मौखिक सूचना, ताकिर्क ता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१२. मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न

१३. आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

१४. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

१५. प्रसङ्ग, सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गर्न

## k9fO l;k

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न

२. लिखित सामग्रीको पठनमा सन्दर्भ, संवेग तथा परिवेश मिलाई पढ्न

३. लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न

४. साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न

५. पाठको संरचना, उद्देश्य, सूचना तथा विषयको अनुमानित अभिप्राय पहिल्याउन सक्ने गरी पढ्न

६. पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक, तार्किक पक्षको पहिचान गरी पढ्न

७. प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्द भण्डार वृद्धि गर्न

८. लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्री पढी प्रयोजनको सन्दर्भ र उद्देश्य पहिचान गर्न

९. हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न

१०. साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न ।

११. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न

## *n]vfO l;k*

१. वर्ण विन्यास (हिज्जे र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न

२. विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको सङ्गठन र संश्लेषण गरी लेख्न

३. लेखिएका सामग्रीको सम्पादन र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेख्न

४. कुनै पनि विषय शीषर्क मा अथर्पर्ण क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न

५. आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषय वस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न

६. उद्देश्यमूलक सूचना र विषय वस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न

७. साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न

८. दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, चिठी, निमन्त्रणा र शुभ कामना पत्रहरूको रचना गर्न

९. दैनिकी, संवाद, वाद विवाद रचना गर्न/लेख्न

१०. विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखान टुक्काहरूको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

११. लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न

१२. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति गर्न ।

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१

उपर्युक्त उद्देश्यहरु रहेको पाठ्यक्रमअनुसार नेपाली पाठ्यपुस्तक निर्माण गर्दा विविध विधाहरु मध्येबाट कथा विधालाई पनि समावेश गरिएको छ । जसमा ४ ओटा कथाहरु यस पाठ्यपुस्तकमा समावेश गरिएका छन् । यिनै कथाहरुलाई पाठ्यक्रमअनुरुपताका आधारमा, पाठ्यक्रमका उद्देश्य पूरा गरे नगरेको आधारमा, भाषिक सीप विकासमा उपयोगी भए नभएका आधारमा अध्ययन गरि पुस्तकमा सविष्ट कथाका सबल तथा दुर्बल पक्षहरु पत्ता लगाई निराकरणका उपायहरु सुझाउनमा यो शोध केन्द्रित रहेको छ ।

**पाठ्यक्रम अनुरूपताका आधारमा कथाहरूको अध्ययन**

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा जम्मा ४ ओटा कथाहरू समावेश गरिएका छन् । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरू पाठ्यक्रम अनुरूप नै रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा र सामाजिक कथा समावेश गरिएको छ ।

माध्यमिक तहमा लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा पौराणिक कथा, सामाजिक कथा, मनोवैज्ञानिक कथा समावेश गरिएको पाइन्छ । जस अन्तर्गत कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा र सामाजिक कथा समाविष्ट छन् । माध्यमिक तह कक्षा ९ को पाठ्यक्रमले निर्देश गरेका विधाका क्षेत्रहरूलाई यस तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १

विधाको क्षेत्र र क्रम तालिका

| क्र.सं. | विधा | क्षेत्र | पाठशीर्षक |
|---|---|---|---|
| १ | | क) ऐतिहासिक कथा-१ | निद्रा |
| | कथा | ख) बालमनोवैज्ञानिक-१ | डाक्टर अङ्कल |
| | | ग) सामाजिक कथा-१ | बन्धनबाट मुक्ति |
| | | घ) लोककथा-१ | अनारको बोट |
| २. | | क) नीति प्रधान/संस्कृति प्रधान-१ | यात्रा शुरु गरौँ |
| | कविता | ख) प्रकृति प्रधान-१ | बसन्त कोकिल |
| | | ग) समाज प्रधान-१ | सय रङ्ग इन्द्रेणी |
| ३ | | राष्ट्रिय र अन्तर्राष्ट्रिय | |
| | जीवनी | क) सङ्गीतिज्ञ-१ | रामशरण दर्नाल |
| | | ख) प्रेरक व्यत्तित्व-१ | आङ सान सुकी |
| ४ | | आत्मपरक र वस्तुपरक | |
| | निबन्ध | क) सामाजिक-१ | म को हुँ ? |
| | | ख) प्राविधिक/व्यवसायिक-१ | जैविक खेती |
| ५ | | क) वक्तृता-१ | मानवबेचविखन विरुद्ध हाम्रो दायित्व |
| | रूपक | ख) संवाद-१ | महिला हिंसा |
| ६ | चिठी | क) घरायसी-१ | बहिनीलाई चिठी |
| | | ख) निवेदन/कार्यालयीय-१ | छात्राबास |
| | | निमन्तप्राणा, शुभकामना | |
| ७ | दैनिकी | दैनिकी-१ | मङ्गलाका तीन दिन |

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१


माथि उल्लिखित तालिका अनुसार कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका विविध विधाहरू मध्ये सबैभन्दा बढी कथा विधाका पाठहरू समावेश गरिएका छन् । कथा विधा रुचिपूर्ण तथा बोध र अभिव्यक्तिको विकासका हिसाबले हेर्दा

सबैभन्दा प्रभावकारी विधा भएको कारणले पनि कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा कथा विधाका पाठहरूलाई बढी भन्दा बढी समावेश गरेको पाइन्छ ।

माध्यमिक तह कक्षा ९ मा समावेश भएका विधाहरू त्यसमा पनि कथा विधाले पाउने प्राथमिकताका बारेमा निम्न चित्रका माध्यमबाट अझ स्पष्ट पार्न सकिन्छ :

चित्र नं. २

पाठ्यपुस्तकमा समाविष्ट विधाको विवरण




माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा जम्मा १६ ओटा पाठहरू समावेश गरिएको छ । त्यस अन्तर्गत पनि चार ओटा पाठहरू कथा विधामा

आधारित रहेको पाइन्छ । प्रतिशतका हिसाबले गणना गर्ने हो भने पाठ्यपुस्तकमा समाविष्ट कूल पाठको २५ प्रतिशत पाठहरू कथा विधाका रहेको पाइन्छ । सामान्य तथा कथा विधा सबैको रुचिको विषयवस्तु भएकाले पाठयपुस्तकमा कथाको प्रभावकारितालाई विचार पुऱ्याई धेरै भन्दा धेरै पाठहरू समावेश गरिएको पाइन्छ । कथा विधाका माध्यमबाट विभिन्न विषयवस्तुको प्रस्तुतिका साथसाथै प्रभावकारी रूपमा विद्यार्थीको भाषिक सीप विकास गर्ने पनि माध्यमिक तहको पाठ्यक्रमको मूल अभिप्राय रहेकाले कथा विधालाई विशेष महत्त्वका साथ पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । माध्यमिक तह कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा निम्न क्षेत्रका कथाहरू समावेश गरिएको पाइन्छ :

तालिका नं. २

विधाको क्षेत्रको आधारमा कथा विधाको वर्गीकरण

| क.सं. | पाठको क्रम सङ्ख्या | कथा | विधाको क्षेत्र |
|---|---|---|---|
| १ | १ | अनारको बोट | लोककथा |
| २ | ७ | निद्रा | ऐतिहासिक कथा |
| ३ | ११ | डाक्टर अङ्कलाई | बाल मनोवैज्ञानिक |
| ४ | १६ | बन्धनबाट मुक्ति | सामाजिक कथा |

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूलाई निम्न प्रयोजनका आधारमा विश्लेषण :

***लोक कथा 'अनारको बोट'***

परम्परा देखि लोकमा चल्दै आएको तर लिखित स्रोत नसमेटिएको कथालाई लोक कथा भनिन्छ । यसलाई दन्त्य कथा पनि भनिन्छ । लोककथामा समाजका सांस्कृतिक परम्परा तथा चालचलन सहितका दन्त्य कथा, परी कथा, चुट्किला ऐतिहासिक कथाहरू पनि समावेश गरेको पाइन्छ । सामाजिक प्रचलनमा आधारित परम्परागत रूपमा चल्दै आएका रोचक तथा ज्ञानवर्दक कथालाई लोककथा अन्तर्गत समेटेको पाइन्छ । लोक कथाहरू सांस्कृतिक तथा राष्ट्रिय जनजीवनका रीतिरिवाजलाई प्रतिबिम्बत गर्ने खालको हुनु पर्दछ (घिमिरे, २०७४ : पृ.२०) ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा 'अनारको बोट' शीर्षकको कथा लोककथाका रूपमा समाविष्ट गरिएको छ । कल्पलतामा देखिएको सेवा र त्यागको भावनाको चर्चा गर्दै सेवा गरे त्यसबापत सकारात्मक फलको प्राप्ति हुने शिक्षा यस कथाका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

लोक कथा अनारको बोट मा एउटा दुःख पाइरहेकी महिला र घाइते ढुकुरको दुःखद अवस्थाको चित्रण गरिएको छ । 'अनारको बोट' कथामा समवेदना, सेवाभाव त्याग/उदारता, सर्मपण र देशभक्तिको भावलाई मुख्य भावको रूपमा प्रस्तुत गर्दै विद्यार्थीहरूमा सकारात्मक प्रभाव छोड्ने कोशिस गरिएको छ । कल्पलतामा रहेको नारीमा हुने मातृत्व भावको चित्रण गर्दे उनमा रहेको सेवा भावनाका कारण घाइते ढुकुरलाई घरमा ल्याई औषधी गर्नुका साथै मायालु तरिकाले स्याहार समेत गरिन् । कल्पलता आफू जस्तोसुकै परिस्थितिमा रहँदा पनि हृदयदेखि नै समाज तथा दीनदुःखीको सेवामा लाग्नुपर्छ भन्ने भावना भएकी नारी थिइन् । कुनै एकजना मानिसकहाँ भएको सम्पत्ति घरमा जम्मा गरेर राखेर समाजको प्रगति र विकास हुँदैन भन्ने भावनाका साथ आफूसँग भएको हिरा बेचेर छोरो पढ्ने विद्यालयलाई दिने र आफ्नो सम्पत्ति विकास निर्माणका कार्यमा खर्चने उनको सोच एकदमै उद्धार रहेको छ । छोरो गुमाएको पीरमा रुमल्लिएकी महिलाले घाइते ढुकुरको उपचार गरेकी र उक्त ढुकुरले गुनको बदलमा गुन नै तिरे पछि जीवनशैलीमा आएको परिवर्तनका प्रसङ्गलाई कथामा राखिएको छ ।

मनमा निःस्वार्थ सेवा भाव रहेमा अरुबाट पनि आफूलाई सहयोग नै मिल्ने कुरा यस कथामा प्रस्ट्याइएको छ । मानिसहरू सबैमा निःस्वार्थ सेवाको भाव हुनुपर्दछ भन्ने मूल आशय यस कथाले बोकेको कारण यस कथालाई कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा लोक कथाका रूपमा समावेश गरिएको छ ।

*ऐतिहासिक कथा 'निद्रा'*

ऐतिहासिक वीर पुरुष तथा इतिहासका घटनासँग सम्बन्धित भएर लेखिने कथाहरू ऐतिहासिक कथाहरू हुन् । यस प्रकारका कथाहरूमा ऐतिहासिक व्यक्तित्व तथा चरित्रको चित्रण गरिएको पाइन्छ । कथाका माध्यमबाट आफ्नो देशको देश भक्तिपूर्ण भावना जागृत तथा सञ्चार गराउन यस किसिमका कथाको उच्च महत्व रहेको हुन्छ । राष्ट्रको गौरवगाथा प्रस्तुत गर्नुका साथै प्राचीन संस्कृति र सभ्यतालाई प्रस्ट्याउने काम गरिएको पाइन्छ (

लामिछाने र लामिछाने, २०६९ पृ. ४) । कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा कथा विधा अन्तर्गत 'निद्रा' कथालाई ऐतिहासिक कथाका रूपमा समावेश गरिएको छ । उक्त कथामा नेपाली इतिहासको राणाकालीन समय र शासक वर्गको सोचलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

श्री ३ महाराज चन्द्रशमशेरकी जीवनसङ्गीनीको तथा देशकी महारानीको रूपमा दरवार प्रवेश गरेको केही समयमा नै बालकुमारी देवीले चन्द्र शमशेरमा गहिरो बैचैनी र छटपटाहट देखिन् । चन्द्रशमशेर राती ननिदाउने, बर्बराउने, दाह्रा किट्ने र निदाई हाले पनि झस्केर बिउँझिने गर्थे । चन्द्रशमशेरको यस्तो खाले व्यवहार देखेपछि महारानी बालकुमारी देवीले उनलाई ननिदाउनुको कारण सोधिन् । जवाफमा चन्द्रशमशेरले आफूले कलकत्ताबाट डाक्टर झिकाई जँचाइसकेको र आफूलाई कुनै किसिमको रोग नभएको कुरा गर्दछन् । चन्द्रशम्शेर प्राय : रिसाइरहने, उदास रहने, झर्कीने, भाइ भतिजासँग राम्रो मुखले नबोल्ने गर्थे । रोलक्रममा जानुपर्ने भएकाले भाइहरूप्रति पनि उनलाई केही विश्वास थिएन । अनेक बाहानामा उनले इमान्दार फत्ते हजुरिया र गेहन्द्रलाई दरबारमा आउनै रोक लगाएका थिए । उनको यस किसिमको व्यवहारबाट भाइ भतिजा पनि वाक्क हुन थालेको कुरा पनि उनले बुझेका थिए । बालकुमारी देवी पनि आफ्ना पतिका बारेमा अनेक खराब कुराहरू सुन्नु परेकोमा चिन्तित बनेकी छन् । चन्द्रशमशरले त्रिभूवनचन्द्र कलेजको उद्घाटन पछि पछुताउँदै आफ्नो खुट्टामा आफैं बञ्चरो हानेको जनता पढेर शिक्षित भएपछि जहानियाँ राणा शासनको विरोध गर्ने र शासन सत्ता आफ्नो हातबाट उम्कन्छ भन्ने जस्ता कुरामा चिन्ता लिएको देखिन्छ ।

भाइभतिजाहरू माथि गरेको नराम्रो व्यवहार, राज्यको सम्पत्ति आफ्नो सुखसयलका लागि खर्चेको, कलेज खोली आफ्नो खुट्टामा आफै बञ्चरो हानेको भन्ने जस्ता नकारात्मक बिचार लिएकाले निद्रा नपरेका चन्द्रशमशेरका वरिपरि कथा केन्द्रित रहेको छ । त्यसैगरी प्रयश्चितका लागि सत्तिप्रथा, दास प्रथा जस्ता कुप्रथा हटाउने घोषणा गरेसँगै उनी आरामले निदाएको कुरा यस कथामा उल्लेख गरिएको छ । नेपालको इतिहासको कुनै एक कालखण्डमा रहेको जाहानिया निरङ्कुश राणा शासनको समय र परिवेशलाई चित्रण गरिएकाले या कथा ऐतिहासक कथाका रूपमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा (२०७३) मा समावेश गरिएको छ ।

इतिहासमा रहेका दास प्रथा, सति प्रथा, त्यति बेलाको नेपालको राजनैतिक स्थिति, राणाहरूको मनोविज्ञान, शिक्षा प्रतिको सोच जस्ता कुरामा केन्द्रित यस कथाले इतिहासको राणा शासनकालीन समयलाई बुझ्न र जान्न सहयोग पुऱ्याउने भएकाले यो ऐतिहासिक कथा हो ।

*मनोवैज्ञानिक कथा 'डाक्टर अङ्कल'*

यस प्रकारका कथामा कुनै पात्र वा चरित्रको सामान्य तथा असामान्य मनस्थितिको चित्रण वा चिरफार गरिएको पाइन्छ । कथामा उल्लेखित पात्र वा चरित्रको मनको अध्ययन तथा विश्लेषण गरिएको भएकाले उसका मानसिक द्वन्द्व कुण्ठा वा विकृतिको उद्घाटन गरिएको हुन्छ । पात्रहरूको मानसिक स्थितिको चिरफार वा मनोविश्लेषण गर्ने उद्देश्य यसप्रकारका कथाहरूको रहेको पाइन्छ । पात्रका सामान्य तथा असामान्य स्थितिको चित्रणमा केन्द्रित रहेर कथात्मक अभिव्यक्ति दिनु यसखाले कथाको मूल उद्देश्य हो । यस किसिमका कथामा फ्रायड, एडलर, युङ्गजस्ता मनोविश्लेषकहरूको मनोविश्लेषणात्मक सिद्धान्तबाट प्रभावित भएर चेतन मनमाथि अचेतन मनले पारेका प्रभावलाई उद्घाटन गरिएको हुन्छ । विभिन्न ग्रन्थिहरूको विश्लेषण गर्दै मनोजगत्सँग सम्बन्धित गतिविधिको चर्चा गरिन्छ । कथाकारले पनि मनोविज्ञान अपराध मनोविज्ञान, बालमनोविज्ञान तथा नारी मनोविज्ञानसँग सम्बन्धित रहेर कलात्मक अभिव्यक्ति दिएको पाइन्छ (लामिछाने र लामिछाने २०६९, पृ.५) ।

मनोविज्ञान अन्तर्गत पनि कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएको 'डाक्टर अङ्कल' कथा बालमनोवैज्ञानिक कथा अन्तर्गत पर्दछ । बालमनोविज्ञानमा आधारित यस कथामा पश्चिमी पहाडको दुर्गम गाउँको विपन्न परिवारको चित्रण गरिएको छ । त्यस बिपन्न परिवारका मानिसहरू अन्य गाउँका मानिसजस्तै खेतिपाती गर्ने र नुन, तेल, लुगाफाटा जस्ता अत्यावश्यक चिजका निम्ति भने सहरमा भारि बोक्ने कामका लागि जान्थे । जसोतसो गुजारा गर्नु त्यस गाउँका मानिसको जिन्दगी जिउने तरिका बनिसकेको थियो । भारी बोक्न जाने क्रममा कमलको आमाको भीरबाट लडेर मृत्यु भएको थियो । त्यसपछि घर अस्तव्यस्त बन्यो । कमलकी दिदीले विविध समस्या हुँदाहुँदै आफ्नो विवहाको जिम्मेवारी आफै मिलाउनु परेको थियो । त्यसैगरी घरको जेठो छोरो घर छाडेर परदेश लागेको थियो र घर चटक्कै बिर्सिएको थियो । घरमा बाँकी रहेका थिए कान्छो र उनका बुबा एक दिन कान्छाले २० रुपियाँ चोरेको निहुँमा बुबाले नराम्ररी गाली तथा कुटपिट

गरेका थिए । त्यसपछि कान्छो पनि घर छोडेर सदरमुकाम पुगेर एक व्यापारीकहाँ घरेलु कामदारका रूपमा काम गर्दै चार कक्षा भर्ना भई पढ्न थाल्यो ।

एकदिन नेपाली विषय पढाउने गुरुले कमललाई 'मलाई आमाले धेरै धेरै माया गर्नुहुन्छ' शीर्षकमा अनुभव लेख्न दिँदा आमाको सम्झनाले लेख्न नसकि भक्कानिएको थियो । उक्त विषयमा आफ्ना अनुभव लेख्न नसकेको कारण खुलाएपछि गुरुहरूले माया गरी पढाउँदै गए र उसले प्रवेशिका परीक्षा प्रथम क्षेणीमा उत्तीर्ण गऱ्यो । त्यसपछि गुरुहरूकै सहयोगमा विज्ञान क्याम्पस पढ्न थाल्यो । काठमाडौं बसाइ महङ्गो भएकाले ज्यामी काम गर्ने, ट्युसन पढाउने जस्ता काम पनि गऱ्यो । त्यसरी नै क्याम्पसमा पनि उत्कृष्ट विद्यार्थी भएकाले सरकारी छात्रवृत्तिमा विदेश गएर डाक्टरी पढेर देशकै अस्पतालमा सेवा गर्न थाल्यो । कमलले अन्त्यमा आफ्ना छोराछोरीलाई उनीहरूको जिज्ञासाको जवाफ दिँदै त्यति धेरै दुःख खेपेको पात्र आफैँ रहेको कुरा बताउँछ । यति सुनेपछि उसका छोराछोरीले आफ्नो पिताप्रति गर्व गर्छन् ।

यस कथाका माध्यमबाट बाल्यावस्था तथा किशोर अवस्थामा पाएको दुःख, पीडा आउँदो जीन्दगीको सुखको आधारशिला बन्न सक्ने कुरा उल्लेख गर्दै छोराछोरीप्रतिको बाबुको माया असीम रहने कुरा प्रष्ट पारिएको छ ।

यो कथा कोमल हार्दिक र मार्मिक छ । किशोरावस्थाका विद्यार्थीहरूलाई नैतिक बाटोतर्फ डोहोऱ्याउने, अध्ययनप्रति उत्प्रेरणा जगाउने तथा राष्ट्रकै सेवा गर्नु पर्छ भन्ने भावनाको विकास गर्ने भएकाले कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश 'डाक्टर अङ्कल' शीर्षकको बालमनोवैज्ञानिक कथा सकारात्मक सन्देश बोकेको कथा हो ।

***सामाजिक कथा 'बन्धनबाट मुक्ति'***

समाजका विविध पक्ष वा पाटा तथा घटनाहरूलाई आधार बनाएर लेखिएका कथाहरू सामाजिक कथाहरू हुन् । यसमा समाजको चित्रण गर्न सामाजिक जीवनको झल्को प्रस्तुत गरिएको हुन्छ (लामिछाने र लामिछाने, २०६९, पृ.४) । समाजमा घटेका विविध घटनाहरूमध्येबाट कुनै घटनाको एक अंशलाई कथाका रूपमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको कथा सामाजिक कथा हो । यस्ता कथाहरूमा समाजमा रहेका विकृति तथा विसङ्गतिको उजागर गरी समाज सुधारको चाहना प्रकट भएको पाइन्छ । कथाकारले

सामाजिक कथामा समाजको राजनैतिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक अवस्थाको कलात्मक तरिकाले उठान गरेको पाइन्छ । समाज सुधारको चाहना, समुन्नत, प्रगतिशील समाजको चाहना सामाजिक कथामा गरिएको हुन्छ ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएको 'बन्धनबाट मुक्ति' शीर्षकको कथा सामाजिक कथा अन्तर्गत पर्दछ । यसमा समाजका विकृति तथा नयाँ पुस्तामा आएको संवेदनहीनताका विषयमा स्पष्ट पारिएको छ । यस कथामा सरकारी विद्यालयका मास्टर चोआलालकी श्रीमतीको मृत्यु भएको छ । श्रीमतीको अन्तिम संस्कारमा पनि आफ्ना छोराहरू उपस्थित नभएपछि मास्टर चोआलाले सम्पूर्ण कार्य आफै गरे त्यसमा उनका शिष्यहरूको सहयोग रहयो । चोआलालको श्रीमतीको मृत्युपश्चात छरछिमेकीले वृद्धाअवस्थामा भोग्नुपर्ने कुराहरू सम्झाउने क्रममा आएका छन् । श्रीमतीको मृत्यु भएपनि छोराबुहारी नातिनातिनाहरू भएकाले चोआलाले चित्त बुझाउन खोजे तर चोआलाल श्रीमतीको मृत्युपछि एक्लो भए छोराबुहारीको तिरस्कार खेप्दै उनले धेरै समय गुजारे । तीन जना छोरा भए पनि अन्त्यमा आफूलाई सहारा दिने मान्छे नपाएपछि आफ्नो साथमा रहेको श्रीमतीको अन्तिम मायाको चिनो शीरफूल बोकेर कसैलाई नभनी गाडी चढे । पैसा सबै श्रीमतीको काममा सकेका उनले भाडा तिर्ने पैसा नभए पछि आफुले लगाएकै घडि फुकालेर दिए । नारायणघाट पुगेर उनले श्रीमतीको अन्तिम चिनो शीरफूल बेचेर देवघाट गई सन्यास वरण गरे ।

देवघाट घुम्न जाँदा म पात्रले उनलाई भेटेका छन् । सन्यास रूप धारण गरेका चोआलालका धेरै चेलाहरू रहको र भजनकिर्तन गर्ने, प्रवचन दिने जस्ता कार्य गर्ने गरेको पाए । पात्रले चोआलालको हृदय आध्यत्मिक चेतनाले ओतप्रोत भएको पाएका छन् । उनी म पात्रलाई पनि आध्यत्मिक सन्देश प्रवाह गर्न चाहान्छन् । म पात्रलाई उनी आफ्ना हृदयमा अटाउन सक्ने सबै आफन्त भएको र त्यसै रूपमा व्यवहार आदानप्रदान गरे अरुबाट पनि माया पाउने कुरा बताउँछन् ।

यस कथामा अनेक हन्डर खाएर घरबाट निस्किएका चोआलालले आध्यत्मिक संसारलाई रोजी संसारको बन्धनबाट मुक्त रहेको कुरा बताउँछन् र संसारलाई माया बाँडे संसार आफ्नै हुन्छ भन्ने जस्तो मानवतावादी विचार प्रकट गर्छन् । संसारका सबै मानिसहरू आफन्त सरह हुने वृहत्तर सोचलाई यहाँ आकर्षक भाषा शैलीमा प्रस्तुत गरिएको छ ।

समाजमा हुने विविध कार्य जस्तै मृत्युसंस्कार, मुण्डन, दान आदि कुराको वर्णन तथा घर वा समाजमा बढ्दै गएको विकृत विचारलाई पनि यस कथामा समावेश गरिएकाले यो कथा सामाजिक कथा हो ।

**पाठ्यक्रमका उद्देश्यका आधारमा कथाहरूको अध्ययन**

माध्यमिक शिक्षा पाठ्यक्रम-२०७१ का अनुसार कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा सीपगत उद्देश्यका रूपमा सुनाइ र बोलाइ सीपका १५ ओटा, पढाइ सीपका ११ अेटा, लेखाइ सीपका १२ ओटा कक्षागत सिकाइ उपलब्धि/उद्देश्य रहने कुरा उल्लेख गरेको पाइन्छ । माध्यमिक पाठ्यक्रम-२०७१ अनुसार कक्षा ९ को नेपाली पाठ्यपुस्तकका लागि लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा, सामाजिक कथा छनोट गर्नु पर्ने व्यवस्था गरिएको छ । कक्षा ९ को नेपली पाठ्यपुस्तकमा पाठ्यक्रमले तोके बमोजिम ४ ओटा कथाहरू समावेश गरिएको छ । माध्यमिक तहको कक्षाहरूमा कथा विधाको शिक्षण गर्दा अनुमान, घटना वर्णन, कुनै विषयवस्तुका विषयमा लिखित अभिव्यक्ति दिन, सारांश लेखन गर्न, कथाको संरचनाको वर्णन गर्ने आदि जस्ता उद्देश्य राखिन्छन् । त्यस्ता उद्देश्यहरू पाठ्यक्रमले निर्दिष्ट गरेका सीपगत उद्देश्यसँग सम्बन्धित छन् । पाठ्यक्रमले तोकेका यिनै उद्देश्यका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका कथाहरूलाई निम्नानुसार अध्ययन गरिएको छ :

***अनारको बोट***

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेको ‘अनारको बोट’ कथा लोककथा हो । नेपाली पाठ्यपुस्तकको शिक्षक निर्देशिका अनुसार ‘अनारको बोट’ शीर्षकको कथाका लागि पाठ्यभार १० छुट्ट्याइएको छ । यो कथाको शिक्षण पश्चात् विद्यार्थीहरूमा सस्वर वाचन र शुद्धोच्चारण गर्न, शब्दार्थ भन्न र वाक्यमा प्रयोग गर्न, श्रुतिबोध र पठनबोध गर्न, व्याख्या लेखन गर्न, बुँदा टिपोट र सारांश लेखन गर्न, घटना वर्णन र निर्देशित कथा लेखन गर्न, विवेचनात्मक उत्तर लेखन गर्न, कार्यमूलक व्याकरण (भूतकाल र यसका पक्षको पहिचान र प्रयोग गर्न, स्वतन्त्र रचना गर्ने जस्ता सीपहरूको विकास गराउने लक्ष्य लिइएको छ ।

*निद्रा*

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेको 'निद्रा' कथा ऐतिहासिक कथा हो । नेपालको राणा शासनकाली समय र परिवेशको चित्रण यस कथामा पाउन सकिन्छ । यस कथालाई पनि पाठ्यक्रमका उद्देश्यका आधारमा अध्ययन गर्दा सीपगत उद्देश्यलाई समेट्न सफल रहेको देखिन्छ । २७ ओटा अनुच्छेद रहेको यस कथामा २५ ओटा कठिन शब्दको अर्थ दिइएको छ । यस कथाका माध्यमबाट विद्यार्थीहरूमा भाषातत्त्वका हिसाबले वर्तमान काल र वर्तमानकालको पक्षहरूको पहिचान, विशेषण र क्रियापदका जानकारी गराउने, बोध र अभिव्यक्तिका हिसाबले सारांश लेखन र कथाको संरचनाको वर्णन गर्न सक्ने बनाउने उद्देश्य लिइएको छ ।

*डाक्टर अङ्कल*

नेपाली पाठ्यपुस्तकको पाठ एघारमा 'डाक्टर अङ्कल' शीर्षकको मनोवैज्ञानिक कथा समाविष्ट गरिएको छ । बालमनोविज्ञानमा आधारित यो कथा ३० अनुच्छेदमा रहेको छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकको शिक्षक निर्देशिका अनुसार यस कथाको शिक्षणका लागि १० पाठ्यभार छुट्याइएको छ । यस बालमनोवैज्ञानिक कथाको शिक्षण पश्चात् सस्वरवाचन र शुद्धोचारण, कठिन निराकरण (शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग, पठनबोध र प्रश्नोत्तर, बुँदा टिपोट र सारांश लेखन, घटनाक्रम मिलाउने, कृदन्त र तद्दितान्त शब्दहरू तथा अपूर्ण पक्ष, सिर्जनात्मक कार्य (कथा लेखन) जस्ता विषयहरूमा निपुण बनाउने उद्देश्य लिइएको पाइन्छ ।

*बन्धनबाट मुक्ति*

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेको 'बन्धनबाट मुक्ति' कथा सामाजिक कथा हो । यस कथामा समाजका विकृति/विसङ्गतिको चित्रण गरिएको छ । पाठ्यपुस्तकको अन्तिम पाठका रूपमा रहेको यस कथाका लागि जम्मा ९ पाठ्यभार छुट्याइएको छ । २६ अनुच्छेदमा रहेको यस कथामा १५ ओटा कठिन शब्दको अर्थहरू राखिएको छ ।

यस कथाको अध्ययनको अन्तमा विद्यार्थीहरू सस्वर वाचन र शुद्ध उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, संक्षिप्त उत्तर लेखन, कथाकथन तथा घटना वर्णन, सप्रसङ्ग व्याख्या गर्न कथा लेखन, स्वतन्त्र रचना (तार्किक शिल्प), व्याकरण (वाच्यका प्रकार पहिचान र वाच्य

परिवर्तन अभ्यास) जस्ता भाषिक सीपमा निपुण हुने उद्देश्य राखिएको छ र सोही अनुरूप अभ्यास खण्डमा अभ्यासहरू दिइएको छ ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको अध्ययन गर्दा ती कथाहरुले पाठ्यक्रमका उद्देश्य पूरा गर्नमा प्रचुर मात्रामा सहयोग गरेको पाइन्छ । कौतुहलता जगाउने, विषयवस्तुका आधारमा लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा, सामाजिक कथाहरु छनोट गरी रोचक तथा सकारात्मक सन्देश प्रवाह गर्ने किसिमका कथाहरु छनोट गरिएको पाइन्छ । विद्यार्थीको कथा कथन गर्न सक्ने क्षमताको विकास, घटना वर्णन गर्न सक्ने क्षमताको विकास, कुनै पनि घटनाहरु तथा विषयवस्तुको सारांश लेखनमा विकास, त्यसैगरी आरोह अवरोह मिलाई सस्वरवाचन गर्न सक्ने क्षमताको विकास गराउनु आदी जस्ता उद्देश्यहरु पूर्ति गराउनका लागि भाषाका चारै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को यथेष्ट रुपमा समान वितरण गर्ने प्रयास गरिएको छ । केही कथाहरु कौतुहलता जगाउने रोचक रहे तापनि केही कथाहरु भने नीरस र विद्यार्थीको स्तर, क्षमता वा तह अनुरुप नभएको पाइन्छ । कथाको छनोटमा लचकता अपनाउँदा पाठ्यक्रमले तोकेका उद्देश्यहरु प्राप्त गर्न भने कठिनाइ आउन सक्दछ । समग्रमा अध्ययन गर्दा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरुले पाठ्यक्रमका उद्देश्य पूरा गरेको छ भन्न सकिन्छ ।

**भाषिक सीप विकासका आधारमा कथाहरूको अध्ययन**

भाषा शिक्षणका सन्दर्भमा कथा उपयोगी विधा मानिन्छ । यो मानव अनुवभ, रोचक एवम् जीवन्त घटना, मन छुने विविध पक्षसँग सम्बन्धित हुने हुनाले यसलाई शैक्षणिक दृष्टिले उपयोगी बनाउन सकिन्छ । कथा पाठ्यविधा भएकाले यसको प्रयोजन पनि विद्यार्थीहरूको पठनबोध क्षमताको विकाससँग नै बढि मात्रामा जोडिएको हुन्छ तापनि योग्य भाषा शिक्षकले विविध प्रकृतिका कथाहरूलाई आफ्नो शिक्षण कौशलका माध्यमबाट अन्य कथ्य र लेख्य प्रयोजनका निम्ति समेत उपयोगी तुल्याउन सक्छन् ।

पाठ्यपुस्तकमा राखिएका कथाहरू विषयवस्तु, भाषा शैली, संरचना, शब्द प्रयोग आदिका दृष्टिकोणले अन्य विधाभन्दा सरल र बोधगम्य हुनाले यसलाई शब्दभण्डारको विकासमा, पाठ्यपुस्तकबाट व्याकरणका आधारभूत कुराको जानकारीका निम्ति, कथाकथन गर्न, कथा लेख्ने बानीको विकास गर्न तथा विभिन्न किसिमका भाषिक क्रियाकलापका अतिरिक्त अभ्यासका निम्ति समेत उपयोगमा ल्याउन सकिन्छ । अत : विद्यार्थीहरूमा मुख्यत :

पठनबोध क्षमताको विकास गर्नु, अंशत : सुनाइ, बोलाइ र लेखाइ सीपको समेत विकास गर्नु, कथा कथन (कथा सुन्ने-सुनाउने वा कथावाचन) गर्न सक्ने सीपको विकास गर्नु आवश्यक पर्दा कथा लेख्न सक्ने सामर्थ्य बढाउनु, कथाका भिन्न संरचना र प्रकृति ठम्याउन सक्ने सामर्थ्य बढाउनु, भाषिक एवम् भाषातत्त्वसम्बन्धी विभिन्न अभ्यासात्मक कार्यमा लाग्ने बानीको निर्माण गर्नु, कथा पढ्ने रुचि जागृत गर्नु जस्ता कथा शिक्षणका विशिष्ट प्रयोजन हुन् (पौडेल, २०६९, पृ.१८७-१८८) ।

भाषिक सीप भाषाका चारओटा सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ भन्ने बुझिन्छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरू ४ ओटा रहेका छन् । विषयवस्तुका आधारमा लोककथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा र सामाजिक कथा समावेश गरिएका छन् । पाठ्यपुस्तकमा समाविष्ट यी कथाहरू माध्यमिक तह अन्तर्गत कक्षा ९ का विद्यार्थीहरूको भाषिक सीप विकासका लागि उपयोगी भए नभएको पहिचान गर्न भाषिक सीप विकासका आधारमा उक्त कथाहरूको निम्नानुसार अध्ययन गरिएको छ ।

*सुनाइ सीप*

भाषाको आरम्भ श्रुतिबाटै हुन्छ : त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषाशिक्षणको आधार विन्दु मानिन्छ । भाषाका प्रमुख दुई पक्ष बोध र अभिव्यक्ति अथवा ग्रहण र प्रकटन मध्ये श्रवण बोध वा ग्रहा पक्षसँग सम्बन्धित मानिन्छ । श्रुतिलाई मूलत : सामान्य, मनोरञ्जनात्मक र विश्लेषणात्मक गरी तीन भाषामा वर्गीकरण गर्न सकिन्छ । श्रवण कला विकासका निम्ति श्रुतिबोध केन्द्रीय तत्त्व हो (शर्मा र पौडेल २०७२, पृ. ९५) ।

श्रुतिबोधका कार्यकलापहरू तह हेरी ध्वनि विभेदीकरण, वर्ण विभेदीकरण, वाक्य विभेदीकरण, श्रुतिलेख, श्रुतिरचना गर्दै बुँदा टिपोट, श्रुतिबोधात्मक प्रश्नोत्तर तथा विवादास्पद कुराको श्रवण जस्ता उत्तरोत्तर क्रममा सञ्चालन गर्नु उपयुक्त हुन्छ (शर्मा र पौडेल, २०७२ पृ. ९८) । कथामा कौतुहल जगाउने, मनोरञ्जन प्रदान गर्ने, छोटो समयमा सुनेर अथवा पढेर सकिने, सुनिरहन मन लाग्ने सरल एवम् सुबोध भाषा शैलीको प्रयोग हुनुपर्दछ ।

माध्यमिक तह कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका सबै कथाहरू श्रवणीय प्रकृतिका रहेका छन् । सुनाइ सीपका आधारमा तिनै कथाहरूको निम्नानुसार अध्ययन गरिएको छ :

**अनारको बोटः** 'अनारको बोट' शीर्षकको कथा लोक कथा हो । यो कथामा निःस्वार्थ सेवा गरे सेवाको फल पनि सुखद नै हुने सन्देश दिइएको छ । यो कथा रोचक भएका कारण विद्यार्थीहरूको सुनाइ सीपको विकासमा सकारात्मक प्रभाव पार्न सक्दछ । यो कथा सुनिसकेपछि यस कथामा भएका सन्देशहरूलाई ग्रहण गर्न, प्रकृति र मानिसका बारेमा आफ्ना अभिव्यक्ति दिन, घटना वर्णन गर्न सक्ने क्षमताको विकास हुने कुरा पाठ्यक्रममा उल्लिखित छ ।

**निद्रा** : माध्यमिक पाठ्यक्रम २०७१ अनुरूप नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको अध्ययन पछि साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ अथवा कुनै पनि विषयहरू सुनेर सीपको यहि उद्देश्यलाई पूरा गर्नका निम्ति 'निद्रा' शीर्षकको ऐतिहासिक कथा समावेश गरिएको छ । यो कथाको अध्ययन पश्चात् नेपाली इतिहासको राणाकालीन कालखण्डका बारे सूचनाहरू ग्रहण, गर्न, कथाको संरचना वर्णन गर्न सक्ने, कथा कथन गर्न सक्ने कुरामा सघाउँ पुऱ्याउँछ ।

**डाक्टर अङ्कल** : 'डाक्टर अङ्कल' शीर्षकको कथा बालमनोवैज्ञानिक कथाका रूपमा पाठ्यपुस्तकमा समावेश गरिएको छ । यस कथाबाट चार श्रमको फल मिठो हुने सन्देश प्रवाहित गरिएको छ । यस कथाको अध्ययनपछि कथामा भएका एकारात्मक सन्देशको ग्रहण वा धारण क्षमता, स्मरण क्षमता तथा बोध वा अभिव्यक्ति मध्ये बोध पक्षको विकास हुने हुन्छ ।

**बन्धनबाट मुक्ति** : 'बन्धनबाट मुक्ति' शीर्षकको कथा सामाजिक कथा हो । यस कथामा सामाजिक संस्कारका साथसाथै समाजमा रहेका विकृति तथा विसङ्गतिहरूको पनि उजागर गरिएको छ । यो कथा सुनिसकेपछि विद्यार्थीहरू श्रुतिबोध, श्रुतिवर्णन आदिजस्ता क्रियाकलापका माध्यमबाट सुनेर ग्रहण गर्न सक्ने क्षमताको विकास हुनुका साथै कुनै पनि कुरालाई ध्यानपूर्वक सुनेर त्यस विषयप्रतिको धारणा बनाउने बानिको विकास हुन्छ ।

### *बोलाइ सीप*

भाषाको प्रकटीकरण गर्ने कथन सन्दर्भ अथवा कथ्य रूपलाई मौखिक अभिव्यक्ति भनिन्छ । त्यसलाई सामान्य भाषामा बोलाइ भनिन्छ । मानिसले बोलीका माध्यमबाट आफ्ना

भावना, विचार धारणा चाहना र उद्देश्यलाई अरु समक्ष प्रस्तुत गर्छ र त्यसबाट आफ्ना मनोकांक्षाहरू पूरा गर्छ (शर्मा र पौडेल, २०७२, पृ.१०८) ।

कथा विधाका माध्यमबाट विद्यार्थीमा रहेका लाज, डर, सङ्कोच जस्ता हीन भावना हटाई तार्किक अभिव्यक्ति संयमित ढङ्गले दिन सक्ने क्षमताको विकास गराउन बोलाइ सीपको शिक्षण गराउनु पर्दछ ।

कथा कथन एउटा महत्त्वपूर्ण एवम् रोचक मौखिक अभिव्यक्ति कला हो । विद्यार्थीहरूले सुने जानेका वा पढेका धार्मिक गाथामूलक, पौराणिक, सामाजिक आदि छोटामिठा कथाहरूलाई कथाकथनमा उपयोग गर्न सकिन्छ । कक्षामा उभिएर स्वतन्त्र रूपमा कथा भन्ने लगाउने, अरुलाई सुन्न लगाउने र कथाको श्रृङ्खला मिले नमिलेको छुटे नछुटेको आदिबारे अरुलाई प्रश्नोत्तर गराउने र गल्ती सच्याउने सुझाव दिन सकिन्छ (शर्मा र पौडेल २०७२, पृ.११५) ।

बोलाइ सीपका आधारमा नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको अध्ययन निम्नानुसार गरिएको छ :

**अनारको बोट :** 'अनारको बोट' शीर्षकको कथा लोककथा भएकाले विद्यार्थीहरूको बोलाइ सीपको विकासमा उपयुक्त रहेको छ । यस कथामा प्रयुक्त भाषा शिष्ट, सरल र स्पष्ट रहेका कारण जसबाट विद्यार्थीहरूको बोलाइमा स्पष्टता, सरलता र शिष्टता विकास गराउन सकिन्छ । त्यसैगरी आफूले देखेका, सुनेका विषयहरूमा भाषाशैली मिलाएर आफ्नो मौखिक प्रतिक्रिया दिन सक्ने क्षमताको विकास गर्ने उद्देश्यले पाठ्यपुस्तकमा यस कथालाई समावेश गरिएको छ ।

**निद्रा :** ऐतिहासिक कथा 'निद्रा' नेपाली इतिहासको राणाशासन कालीन समयको वरिपरि घुमेको कथा हो । यस कथामा चन्द्रसमशेरको मानसिक अशान्तिको चर्चा गर्दै त्यति बेलाको राणा शासन कालको राणाहरुको सोचको चित्रण गरिएको छ । ऐतिहासिक विषयवस्तुमा आधारित भएकाले यो कथा ज्यादै रोचक र कौतुहलता जगाउने किसिमको छ । त्यसकारण यो कथाको अध्ययन पछि विद्यार्थीहरुमा सुनाइ सीपको विकासमा सकारात्मक पुऱ्याउने देखिन्छ । यस कथाले विद्यार्थीहरूमा घटना वर्णन गर्न, प्रश्नोत्तर गर्न, कथाकथन गर्न सक्नेजस्ता सीपहरूको विकासमा सहयोग पुऱ्याउँछ ।

**डाक्टर अङ्कल :** 'डाक्टर अङ्कल' शीर्षकको कथा बालमनोवैज्ञानिक कथा हो । यस कथाका माध्यमबाट विद्यार्थीमा निरन्तरको प्रयासले व्यक्ति सफल हुन सक्छ भन्ने सन्देश प्रवाह गरिएको छ । यस कथामा प्रयुक्त भाषाशैली एकदमै प्रभावोत्पादक रहेको पाइन्छ । यस कथाको विषयवस्तु एकदमै रोचक रहेको छ । शहरिया परिवेशमा सुखसयलमा हुर्किएका बच्चाहरु भौतिक सुखभोग गर्ने बाटोमा लागेर आफ्नो पढाइ विगार्ने, मिहिनेत नगर्ने हुनसक्दछन् त्यस्ता बालबालिकाको लागि यो कथा उत्प्रेरणाको स्रोत बन्ने हुन्छ ।

यस कथामा बोलाई सीपको विकासका लागि कथा, कथन, घटनाक्रम, वर्णन, प्रश्नोत्तर जस्ता क्रियाकलाप गराउन सकिन्छ ।

**बन्धनबाट मुक्ति :** बन्धनबाट मुक्ति कथामा समाजमा रहेको विकृति विसङ्गतिको चित्रण गर्दै बुढेसकालमा आफ्नो घर छोडि हिडेका एक इमान्दार मास्टरको जीवन भोगाइलाई सचित्र बयान गरिएको छ । त्यसका साथै अहिलेका पुस्ताले आफ्ना बा-आमालाई गर्ने व्यवहारमा आएको चर्चा गरिएको छ । सामाजिक कथाका रूपमा नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको 'बन्धनबाट मुक्ति' शीर्षकको कथाका माध्यमबाट बोलाइ सीपको विकास गर्नका लागि विद्यार्थीहरूले देखे सुनेका, अनुभव गरेका, पढेका विषयवस्तु तथा घटनाका विषयमा कथात्मक शैली अपनाएर भाषिक सीप विकास गराउन सकिन्छ ।

सुनाइ सीप र बोलाइ सीप एक आपसमा अन्तर्सम्बन्धित हुने हुँदा सुनाइको प्रतिक्रिया बोलाइमा पनि पर्ने भएकाले यो सीपको विकास गर्न माध्यमिक तहका कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा राखिएका कथाहरू उपयुक्त छन् ।

### *पढाइ सीप*

लिपिबद्ध दृष्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनाहरूलाई मस्तिष्कले सङ्गठित गरेर अर्थ बोध गर्नु वा ग्रहण गर्नु पठन कला हो । प्रारम्भिक तहको पठनकला सस्वर पठन वा वाचनमा आधारित हुन्छ भने माथिल्ला कक्षा वा तहका पठनकला मौन पठनमा आधारित हुन्छ । आँखा र मस्तिष्कको संलग्नताले पाठकका पूर्वानुमानित संज्ञान र दृश्य सङ्केतहरूलाई द्रुततापूर्वक सङ्गठित गरी बुझ्ने सीप र क्षमता नै पठन कलाको अभिप्राय हो (शर्मा र पौडेल, २०७२ पृ.१२१) ।

लिखित सामग्रीलाई संवेग र परिवेश मिलाई पठन, साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढन, शब्दभण्डारको वृद्धि गर्न, पाठको संरचना, उद्देश्य, सूचना तथा विषयको अनुमानित पहिल्याउन सक्ने गरी पढ्न सक्ने बनाउन पाठ्यपुस्तकमा विविध पाठहरूको समावेश गरिएको हुन्छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पढाइ सीपका आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

**अनारको बोट** : माध्यमिक तह कक्षा ९ को विद्यार्थीहरूको लागि पढाइ सीप विकास गर्नका लागि 'अनारको बोट' शीर्षकको कथा उपयुक्त रहेको छ । सस्वर वाचन र शुद्धोच्चारण, उच्चारणका माध्यमबाट थोरै मात्रामा सुनाइ र बोलाइ तथा धेरै मात्रामा चाहिँ पढाइ लेखाइ सीपका लागि अभ्यासहरू राखिएको पाइन्छ ।

**निद्रा** : ऐतिहासिक कथा 'निद्रा' का माध्यमबाट विद्यार्थीहरूमा सस्वरवाचन, शुद्धोच्चारण, विषयवस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर, घटना वर्णन, पात्र चित्रण, संरचना वर्णनजस्ता पढाइसम्बन्धि सीप विकास गर्ने उद्देश्य राखिएको पाइन्छ ।

**डाक्टर अङ्कल** : बालमनोवैज्ञानिक कथा 'डाक्टर अङ्कल' मा विद्यार्थीहरूको पढाइ सीप विकासका लागि अभ्यास खण्डमा सस्वर वाचन, गाह्रा शब्दहरूको उच्चारण, कथा कथन, कथा वर्णनजस्ता क्रियाकलापको समावेश गरिएको छ । त्यसैले विद्यार्थीको पढाइ सीप विकासमा यो कथा उपयोगी रहेको छ ।

**बन्धनबाट मुक्ति** : 'बन्धनबाट मुक्ति' कथामा सामाजिक विषयवस्तुको प्रस्तुतीकरणका माध्यमबाट विद्यार्थीहरूलाई पढाइ सीपको विकास गराएको पाइन्छ । विद्यार्थीको पढाइ सीप सीप विकासका लागि सस्वरवाचन, घटनाक्रम वर्णन, शुद्धोच्चारण जस्ता क्रियाकलाप समावेश गरिएको छ ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट चार ओटै कथाहरूमा भाषिक सीप अन्तर्गतको पढाइ सीपका लागि साझा क्रियाकलाप (सस्वर वाचन, घटना वर्णन, कथा कथन) रहेको पाइन्छ ।

*लेखाइ सीप*

भाषाका दुई रूप हुन्छन् : मौखिक र लिखित । मनका अन्तर भावनाहरूलाई ध्वनि सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा र ध्वनि सङ्केतहरूलाई लिपिका माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरु समक्ष प्रस्तुत गर्न, सम्झनामा राखी राख्न वा साँचि राख्न र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्छ (शर्मा र पौडेल २०७२, पृ.१४४) ।

मौखिक अभिव्यक्तिको स्तरमा रहेका भाषिक कुराहरूलाई स्थायित्व प्रदान गर्न, बौद्धिकताको विकास गर्न, व्यक्तिगत चाहना पूरा गर्न, दैनिक व्यवहारलाई व्यवस्थित गर्न, व्यक्तिगत जिम्मेवारी पूरा गर्न, सामाजिक भूमिका पूरा गर्न, परीक्षाको दायित्व पूरा गर्न माध्यमिक तहमा लेखाइ शिक्षण आवश्यक र महत्त्वपूर्ण रहेको छ ।

लेखाइका प्रारम्भिक स्तरका कार्यहरूमा अनुलेखन, श्रुतिलेखन, हस्तलेखन, प्रश्नोत्तर लेखन, वस्तु तथा चित्र वर्णन अनुभव तथा घटना वर्णन, यात्रा वर्णन, चिठी तथा निवेदन लेखन, दैनिकी लेखन र उच्च स्तरका कार्यकलापहरूमा जीवनी लेखन, कथा लेखन, संवाद लेखन, वादविवाद लेखन, वक्तृता लेखन मनोवाद लेखन, एकाङ्की लेखन, निबन्ध, प्रबन्ध लेखन, बुँदा टिपोटजस्ता क्रियाकलापहरू पर्दछन् ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका कथाहरूका माध्यमबाट निम्नानुसारको लेखाइ सीपको विकास गर्ने उद्देश्य लिइएको छ :

**अनारको बोट** : यस कथाको माध्यमबाट संक्षिप्त उत्तर लेखन, सिर्जनात्मक कार्य ( कथा लेखन) सप्रसङ्ग व्याख्या, स्वतन्त्र रचना (तार्किक शिल्प) जस्ता क्रियाकलाप गराई लेखाइ सीप विकासका लागि उपयोगी रहेको पाइन्छ ।

**निद्रा** : कक्षा ९ को नेपाली पाठ्यपुस्तकको शिक्षक निर्देशिकामा ‘निद्रा’ कथाका लागि पाठ्यभार १० छुट्याइएको छ । यस कथामा अधिकांश घण्टीहरू लेखाइ सीपका क्रियाकलापका लागि छुट्याइएको छ । कथा लेखन, भाव लेखन, बुँदा टिपोट, सारांश लेखन,

घटनाक्रम वर्णन र पात्रको चरित्र चित्रण जस्ता क्रियाकलाप गराई लेखाइ सीपको विकास गरिएको छ ।

**डाक्टर अङ्कल** : बालमनोविज्ञानमा आधारित ‘डाक्टर अङ्कल’ शीर्षकको कथाको अध्ययन पछि विद्यार्थीहरूमा लेखाइ सीप सम्बन्धित क्रियाकलाप बुँदा टिपोट, सारांश लेखन, कथा लेखन आदिमा निपुण हुने उद्देश्य राखिएको छ ।

**बन्धनबाट मुक्ति** : सामाजिक विषयवस्तुमा आधारित ‘बन्धनबाट मुक्ति’ शीर्षकको कथाबाट संक्षिप्त उत्तर लेखन, सप्रसङ्ग व्याख्या, कथालेखन जस्ता क्रियाकलापबाट लेखाइ सीपको विकास गर्ने उद्देश्य लिइएको छ ।

भाषिक सीप विकासका लागि कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका कथाहरू पाठ्यक्रमका उद्देश्यहरू परिपूर्तिमा सघाउने किसिमका देखिन्छन् । पढाइ तथा लेखाइ सीपमा कथाहरू बढी केन्द्रित देखिए तापनि सुनाइ र बोलाइ सीपको विकासमा पनि यी कथाहरू उपयुक्त नै देखिन्छन् । समग्रमा भन्नुपर्दा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरू भाषिक सीप विकासका निमित्त उपयोगी देखिन्छन् ।

## कथाका सबल तथा दुर्बल पक्षहरू र सुधारात्मक उपायहरूको खोजी

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरूको अध्ययन तथा विश्लेषण गरी कथामा देखिएका सबल तथा दुर्बल पक्षहरू पत्ता लगाई सुधारका लागि सम्भावित उपायहरूको खोजी गरिएको छ । जसका लागि भाषा सम्बन्धि पुस्तकहरू, शोध, भाषा पाठ्यक्रम, समालोचना प्रधान पत्रिका जस्ता सामग्रीहरूलाई आधार मानिएको छ ।

### *नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका सबल पक्षहरू*

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा अनारको बोट (लोककथा) निद्रा ( ऐतिहासिक कथा), डाक्टर अङ्कल (बालमनोवैज्ञानिक कथा), बन्धनबाट मुक्ति (सामाजिक कथा) गरी चार (४) ओटा कथाहरू समावेश गरिएको छ । माध्यमिक पाठ्यक्रम २०७१ ले तोकेको उद्देश्य र निर्देशनलाई पालना गरेको देखिन्छ । पाठ्यपुस्तकमा समाविष्ट कथाहरू सरलबाट जटिलको क्रममा राखिएको छ । कथाको छनोट तथा स्तरण पाठ्यक्रम अनुरूप नै भएको पाइन्छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकका कथाहरूलाई हेर्दा ‘अनारको बोट’

शीर्षकको लोक कथा तुलनात्मक रूपमा विद्यार्थीहरूको उमेर तह, स्तरअनुसार धेरै नै सरल, कम प्रभाव पर्ने खालको लागि तापनि अन्य ३ ओटा कथाहरू भने विद्यार्थीहरूको उमेर, तह, स्तर अनुरूप नै रहेका छन् । त्यसैगरी यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरू अघिल्लो भाषा पाठ्यपुस्तकको तुलनामा बोध र अभिव्यक्ति सीपको विकासमा उदार देखिन्छन् । माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ ले कक्षा ९ को नेपाली विषयका लागि निर्दिष्ट गरेका भाषाका सीपगत उपलब्धिका आधारमा कथालाई अध्ययन गर्दा उद्देश्य परिपूर्ति गर्न सबल देखिन्छन् । माध्यमिक तहको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको रुचि तथा चारणहरूलाई समेट्दै उनीहरूको मनोवैज्ञानिक पक्षलाई पनि महत्त्व दिइएको छ । यस पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू सन्देश मूलक, इतिहासका बारे जानकारी प्रदान गर्ने, राष्ट्रप्रेम झल्काउने, सामाजिक विकृति विसङ्गतिलाई उजागर गर्ने खालका रहेका छन् । त्यसैगरी कथाहरूले मनोरञ्जनात्मक ढङ्गबाट भाषाका सीपहरू सिक्न तथा सिकाउन सहयोग गर्दछन् । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू विभिन्न विषयवस्तु सम्बद्ध रहेका छन् । जसले गर्दा विद्यार्थीहरूको विभिन्न विषय तथा क्षेत्रका पारिभाषिक तथा प्राविधिक शब्दहरूको ज्ञान र शब्दभण्डारको विकासमा सघाउ पुग्ने हुन्छ । त्यसैगरी यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूले भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकासमा विशेष महत्त्व दिइएको छ । जसले गर्दा विद्यार्थीहरू भाषा चारै सीपमा निपुण हुन्छन् । कथाका अन्त्यमा रहेको नमुना अभ्यासले श्रुतिलेखन : सस्वर वाचन, शुद्धोच्चारणको अभ्यासले पढाइ, कथा कथन, अनुभव वर्णन अभ्यासले बोलाइ र सारांश लेखन सप्रसङ्ग व्याख्या अभ्यासले भाषिक सीप विकासमा सहयोग पुऱ्याउँदछ । यसै पाठ्यपुस्तकमा समाविष्ट कथाहरूले विद्यार्थीको सिर्जनात्मक लेखनमा वृद्धि, शब्दभण्डारमा वृद्धि गर्नुका साथै माध्यमिक शिक्षा पाठ्यक्रम-२०७१ ले कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधाका लागि छुट्याएका उद्देश्यहरूको परिपूर्तिमा सहयोग पुऱ्याउने किसिमका चित्रहरूको प्रयोग गरिएको छ । जसले विद्यार्थीहरूको पाठप्रति ध्यानाकर्षण हुनुका साथै पाठ्यवस्तुलाई स्पष्ट पार्ने कार्य गर्दछन् र उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउँदछन् ।

*नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका दुर्बल पक्षहरू*

हरेक कुराको सबल र दुर्बल पक्षहरू भए जस्तै कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरूको अध्ययन गर्दा अघिल्ला पुस्तकहरूमा भन्दा धेरै सकारात्मक पक्ष रहेका छन् । यति हुँदाहुँदै पनि केहो सीमा अथवा कमी कमजोरीहरू रहेको

पाइन्छ । कक्षा ९ को नेपाली किताबमा समाविष्ट जम्मा ४ ओटा कथाहरूलाई अध्ययन गर्दा निम्नानुसारका दुर्बल पक्षहरू देखिएका छन् ।

कथा छनोट प्रक्रियामा निर्देशन पूर्ण रूपमा पालना नारी केही लचकता अपनाएको पाइयो । कथा छनोट गर्ने क्रममा पाठ्यक्रमको निर्देशन बमोजिमकै लोक कथाको समावेश भए पनि आधारभूत तहका विद्यार्थीहरूको उमेर, स्तर सुहाउँदो कथा माध्यमिक तहमा राखिएको छ । 'अनारको बोट' शीर्षकको यो कथा एकदमै सहज र सरल भएकाले उक्त कथा स्तर अनुकूल नभएको पाइन्छ । कथामा भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको सम्बोधन गरिएको पनि पढाइ र लेखाइ सीपको तुलनामा सुनाइ र बोलाइ सीपलाई कम महत्त्व दिएको पाइन्छ । त्यसैगरी कथाहरूमा प्रत्येक पाठमा गाह्रा र नवीन शब्दको प्रयोग गरी तिनको अर्थ पनि समेटिएको छ । जसले गर्दा शब्दभण्डारको विकासमा विद्यार्थीहरूलाई सहयोग पुग्दछ तथापि कथाहरूमा उखान टुक्काको प्रयोग गर्न अत्यन्तै कम भएको देखिन्छ । त्यसैगरी कथाका पाढको अन्त्यमा रहेका नमुना अभ्यास अन्तर्गत सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यास कम रहेको पाइनुका साथै कथा एक सृजनात्मक विधा भए तापनि कथाका पाठको अन्त्यमा दिइएको सिर्जनात्मक अभ्यास पनि पर्याप्त नभएको देखिन्छ । कथामा प्रयुक्त भाषाशैली एकदमै सहज भएकाले कथा नीरस देखिन्छन् ।

*कथामा देखिएका दुर्बल पक्षहरू निराकरणका सुधारात्मक उपायहरू*

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका ४ ओटा कथाहरूको अध्ययन पश्चात् देखा परेका उल्लिखित दुर्बल पक्षहरूको निराकरणका निम्न लिखित उपायहरू अवलम्बन गर्न सकिने छ :

कथाको छनोट गर्दा पाठ्यक्रमले प्रदान गरेको निर्देशनलाई पूर्ण रूपमा पालना गर्दै स्पष्ट विषय क्षेत्रका कथाहरू छनोट गर्ने । त्यसैगरी तुलनात्मक रूपमा अन्य विधाका पाठहरू भन्दा सङ्ख्यात्मक रूपमा पनि धेरै रहने व्यवस्था भएको कथा विधाका पाठहरूले पढाइ र लेखाइ सीपलाई जतिकै महत्त्व सुनाइ र बोलाइ सीपलाई पनि दिनुपर्ने ।

त्यसैगरी लोककथाको छनोट गर्दा विद्यार्थीको तह, उमेर र स्तर सुहाउँदो कथाको छनोट गर्नुपर्ने, कथाका पाठको अन्त्यमा राखिने नमुना अभ्यासमा पनि पढाइ र लेखाइ सीपलाई जतिकै प्रचलित उखान टुक्काको प्रयोग गर्नुपर्ने विद्यार्थीको तह, उमेर र स्तरअनुरूपको भाषा शैलीको प्रयोग कथामा हुनुपर्ने आदि ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०) २०७१ को कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरूको अध्ययनबाट निम्न लिखित निष्कर्षहरू निकालिएको छ :

क) कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समावेश गरिएका कथाहरूलाई अध्ययन गर्दा अनारको बोट, निद्रा, डाक्टर अङ्कल, बन्धनबाट मुक्ति गरी जम्मा ४ ओटा कथाहरू रहेका छन् ।

ख) विषयवस्तुका आधारमा 'अनारको बोट' लोककथा, 'निद्रा' ऐतिहासिक कथा, 'डाक्टर अङ्कल' बाल मनोवैज्ञानिक कथा, बन्धनबाट मुक्ति सामाजिक कथाका रूपमा पाठ्यपुस्तकमा समावेश गरिएको छ ।

ग) पाठ्यक्रममा कथा विधा शिक्षणका लागि १० अङ्कभार छुट्याइएको छ ।

घ) पाठ्यक्रममा अनुरूप कथाका पाठहरूको छनोट भएको छ ।

ङ) पाठ्यक्रमले तोकेका उद्देश्य परिपूर्तिमा कथाहरू सफल छन् ।

च) नेपाली पाठ्यपुस्तकमा समावेश भएका ३ ओटा कथाहरू स्तर अनुकूल भए पनि पहिलो कथाका रूपमा रहेको 'अनारको बोट' शीर्षकको लोक कथा अन्य कथाको तुलनामा अत्यन्तै सहज माध्यमिक तहका विद्यार्थीहरूका लागि भन्दा आधारभूत तहका साना कक्षाका विद्यार्थीहरूलाई सुहाउने खाले रहेको छ ।

छ) भाषा शिक्षण भन्नु नै भाषिक सीपहरूको शिक्षण भएकाले नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा शिक्षणको औचित्य पनि भाषिक सीप विकास हो र यस पाठ्यपुस्तकमा समाविष्ट चार ओटै कथाहरू भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकास गराउन सक्षम नै देखिन्छन् ।

ज) भाषाका चार सीप मध्ये सुनाइ, बोलाइलाई कम र पढाइ र लेखाइलाई बढी महत्त्व दिइएको छ ।

झ) कथाका पाठअर्न्तगतको अभ्यास खण्डलाई नियाल्दा अन्य सीपको तुलनामा लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू बढी राखिएको छ ।

ञ) कथामा शब्दभण्डार क्षमताको विकासका लागि शब्द र तिनको अर्थसमेत राखिएको भए तापनि उखानटुक्काको प्रयोग अति कम भएकाले प्रचलित उखान टुक्काहरूलाई पनि पर्याप्त मात्रामा समावेश गर्दा उपयुक्त हुने देखिन्छ ।

ट) यस किताबमा समाविष्ट ४ ओटै कथाहरूमा चित्रहरू समावेश गरिएको छ । जसमा अनारको बोट कथामा ४ ओटा, निद्रा कथामा १ ओटा, डाक्टर अङ्कल कथामा २ ओटा र बन्धनबाट मुक्ति कथामा १ ओटा रहेका छन् । कथामा साधा चित्रको प्रयोग गरिएको छ । रङ्गीन चित्रहरूको समावेश गर्न सकेमा कथाहरूको प्रभावकारिता अझ बढ्ने देखिन्छ ।

ठ) कलात्मक भाषाशैलीको प्रयोग गरेमा कथा अझै रोचक हुने देखिन्छ ।

ड) वस्तुगत, विषयगत तथा निरन्तर मूल्याङ्कनको व्यवस्था गरिएकोले मूल्याङ्कन प्रणाली अघिल्लो मूल्याङ्कन प्रणालीको तुलनामा निकै प्रभावकारी देखिन्छ ।

**सुझावहरू**

यस शोधकार्य गर्ने क्रममा कथा विधा सम्बन्धी विभिन्न पुस्तकहरू, भाषिक सीप शिक्षण सम्बन्धि पुस्तकहरू, माध्यमिक तह कक्षा ९ को पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दिइएका कथाहरूको अध्ययन विश्लेषण गरी अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याइएको छ । यहाँ कथा विधामा आधारित रहेर विभिन्न तहका लागि सुझावहरू प्रस्तुत गरिएको छ :

***नीतिगत तहका लागि सुझाव***

प्रस्तुत अध्ययनमा कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथाहरूको अध्ययन गर्दा नीतिगत तहले निम्नलिखित कुरामा सचेत रहनु पर्ने देखिन्छ :

क) नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्दिष्ट गरिएको कक्षा ९ को नेपाली पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप नै तयार गरिएको छ । उक्त पाठ्यक्रमले निर्धारण गरेका निर्देशनका आधारमा कथाका पाठहरूको छनोट गर्नुपर्ने ।

ख) लोककथाको छनोट गर्दा विद्यार्थीहरूको उमेर, तह, स्तर र रुचिलाई विशेष ध्यान दिनुपर्ने ।

ग) कथामा सुनाइ सीपलाई विशेष महत्त्व दिँदै भाषाका सबै सीपलाई समान रूपले वितरण गर्नुपर्ने ।

घ) अभ्यास खण्डमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यासहरू प्रशस्त राख्नुपर्ने ।

ङ) कथाहरूमा प्रचलित उखान टुक्काहरूको पर्याप्त प्रयोग गर्नुपर्ने ।

च) कथामा कथाकारको फोटो सहित छोटो परिचय दिँदा कथाकारका विषयमा विद्यार्थीहरूमा कौतुहलता मेटिने ।

छ) राजनैतिक, पौराणिक, नैतिक, संस्कृतिक आदिजस्ता सबै क्षेत्रका कथाहरू समावेश गर्न सके भाषिक सीप विकासमा बढी प्रभावकारी हुने ।

ज) कथाहरूको छनोट गर्दा शिक्षाका राष्ट्रिय उद्देश्य पाठ्यक्रमका उद्देश्य विद्यार्थीको रुचि, स्तर र क्षमतालाई ध्यान दिनुपर्ने ।

झ) कथाको अन्त्यमा भाषिक सीप विकास गर्ने प्रशस्त सिर्जनात्मक अभ्यास समावेश गर्नुपर्ने ।

ञ) कथामा कलात्मक रसिक भाषा शैलीको प्रयोग गर्नुपर्ने ।

ट) कथामा प्रयुक्त चित्रहरू रङ्गिन तथा आकर्षक हुनुपर्ने ।

***अभ्यास तहका लागि सुझाव***

कक्षा ९ को किताबमा समाविष्ट कथाहरूको अध्ययन पश्चात् अभ्यास तहका लागि निम्नानुसारको सुझाव प्रस्तुत गरिन्छ :

क) भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारै सीपहरूलाई समान महत्त्व दिइ शिक्षण गर्नुपर्ने ।

ख) कथा शिक्षण गर्नुभन्दा कथाका माध्यमबाट भाषा शिक्षण गर्नुपर्ने ।

ग) कथा शिक्षण गर्दा चाखपूर्ण ढङ्गबाट कथा प्रस्तुत गरी विद्यार्थीहरूमा बोध तथा सिर्जनात्मक क्षमताको विकास गराउनुको साथै साहित्यप्रति अनुराग जगाउनुपर्ने ।

घ) कथाका विषयवस्तुमा आधारित चित्र, तस्विर तथा दृश्य आदि जस्ता शैक्षिक सामग्रीको बढी भन्दा बढी प्रयोग गरी प्रभावकारी ढङ्गबाट कथा शिक्षण गर्नुपर्ने ।

ङ) पुरानो भाषण विधि नअपनाइ विद्यार्थी केन्द्रित, सिर्जनात्मक तथा प्रयोगात्मक ढङ्गबाट भाषा शिक्षण गर्ने ।

घ) शिक्षक निर्देशिका र विशिष्टिकरण तालिकाको प्रयोग गर्ने बानी बसाल्नुपर्ने ।

ङ) निरन्तर विद्यार्थी मूल्याङ्कनलाई सैद्धान्तिक रूपमा नै सीमित नराखी प्रयोगात्मक रूपमा लागू गर्नुपर्ने ।

च) विद्यार्थीको सक्रियातालाई मुख्य ख्याल गरिनुपर्ने ।

*अनुसन्धान तहका लागि सुझाव*

कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०७३) मा समाविष्ट कथा विधाको अध्ययन शीर्षकको शोधकार्यको समाप्ति पश्चात् एउटै शोधपत्रमा मात्र कक्षा ९ का कथा विधासम्बन्ध सर्वपक्षीय अध्ययन गर्न असम्भव रहेको निष्कर्षमा पुगियो तसर्थ यस विषयसँग सम्बन्धित निम्नलिखित शीर्षकहरूमा अनुसन्धान गर्न आवश्यक देखिन्छ :

१. शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन ।

२. कक्षा ९ को नेपाली किताबमा समाविष्ट कथा विधाको छनोट र स्तरण सम्बन्धी अध्ययन ।

३. कक्षा ९ को नेपाली पाठ्यपुस्तकका कथाहरूमा प्रयुक्त शब्दभण्डारको अध्ययन ।

४. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त प्राविधिक तथा पारिभाषिक शब्दहरूको अध्ययन ।

५. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तथा विधाका अभ्यासहरूको अध्ययन ।

## सन्दर्भ ग्रन्थसूची

आचार्य, अस्मिता (२०७३), *कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधाको समष्टिगत अध्ययन,* (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस ।

कटुवाल, जीतबहादुर (२०६७), *शैक्षणिक दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषण,* (अप्रकाशित शोधपत्र) : सुकुना बहुमुखी क्याम्पस ।

कार्की, सीता (२०७२), *कक्षा ८ को नेपाली किताबमा समाविष्ट कथा विधाको अध्ययन,* (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस ।

गिरी, भेषराज (२०६८), *कक्षा ७ को नेपाली किताबमा समाविष्ट कथाहरूको अध्ययन,* (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस ।

गौतम, दुर्गा (२०६८), *शिक्षणीय दृष्टिकोणले कक्षा पाँचको नेपाली किताब र नेपाली साहित्य बाटिका भाग पाँचमा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) : सुकुना बहुमुखी क्याम्पस ।

घिमिरे, रेखादेवी (२०७४), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा प्रयुक्त कथा विधाको अध्ययन,* (अप्रकाशित शोधपत्र) मोरङ्ग, सुकुना बहुमुखी क्याम्पस ।

ढुंगाना, सीता (२०७०), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषणात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र)सुकुना बहुमुखी क्याम्पस ।

दाहाल, दुर्गाप्रसाद (२०६३), *नेपाली गद्य,* के.पि. पुस्तक भण्डार ।

दाहाल, दुर्गाप्रसाद (२०६६), *नेपाली गद्य र नाटक,* एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

निरौला, कमला (२०६९), *कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस ।

*नेपाली कक्षा ९* (२०७३), नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा सामग्री केन्द्र लि. ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०७१), *माध्यमिक शिक्षा पाठ्यक्रम*।

पराजुली, खेमबहादुर (२०७२), *कक्षा ६ को परिमार्जित पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस ।

पौडेल, नेत्रप्रसाद (२०६९), *नेपाली भाषा शिक्षण,* पैरवी प्रकाशन ।

*माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४),* पाठ्यक्रम विकास केन्द्र ।

राई, तेजेन्द्र (२०७०), *पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन,* (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस ।

लामिछाने, यादव प्रकाश र गीता लामिछाने (२०६९), *नेपाली कथा-उपन्यास सिद्धान्त र समीक्षा,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधव प्रसाद पौडेल (२०७२), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, एकराज *अनुसन्धान प्रस्तावना लेखनको महत्त्व,* सिसन टुडे न्यूज

श्रेष्ठ मेघनारायण (२०७३), *अनुसन्धान कार्य र साहित्यको पुनरवलोकनको सम्बन्ध,* संज्ञान समालोचनात्मक पत्रिका, नेपाली शिक्षण विभाग सुकुना बहुमुखी क्याम्पस ।